# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक २९५ | काठमाडौं | बुधबार, ०७ फागुन २०८१ | Prabhab National Daily | Wednesday, February 19, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**बालबालिकामा शिक्षाको पहुच पुऱ्याऔं**

- उमेर पुग्ने वित्तिकै बालबालिकालाई विद्यालय भर्ना गरौं,
- विद्यालयमा बालबालिका रमाउने वातावरण सिर्जना गरौं, श्रघरपरिवारमा सिकाइको वातावरण तयार गरौं,
- बालबालिका मैत्री शिक्षण सामग्री प्रयोग गरौं,
- बालबालिकाको रूचिबमोजिम खेल्दै, पढ्दै सिक्ने वातावरण निर्माण गरौं, श्रबालबालिकाको फरक क्षमता अनुसार सिकाईको अवसर प्रदान गरौं,
- बालबालिकालाई पढाईका साथसाथै अतिरिक्त क्रियाकलापमा समेत सहभागी गराऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**


# एमसिसी परियोजना स्थगित
# पुनः सञ्चालन हुनेमा अन्योल

अहिलेलाई प्रोजेक्ट रोक्नु भन्ने छ । अब कहिले निरन्तरता दिन्छ वा के गर्छ ? यसै भन्न सकिन्न ।

**■ श्यामप्रसाद भण्डारी**
**प्रवक्ता, अर्थ मन्त्रालय**




**■ जेबी योञ्जन**

**काठमाडौं–** संयुक्त राज्य अमेरिकाले आफ्नो सबैभन्दा ठूलो सहयोग परियोजना मिलेनियम च्यालेञ्ज कर्पोरेसन (एमसिसी) कार्यक्रम नेपालमा तीन महिना स्थगन गरेको छ । वैदेशिक सहायता पुनर्मूल्यांकन तथा पुनर्संरचना गर्ने अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको कार्यकारी आदेशअनुसार ९० दिनका लागि एमसिसीबाट हुने खर्च स्थगन गर्न इमेल प्राप्त भएको अर्थ मन्त्रालयका प्रवक्ता एवं सहसचिव श्यामप्रसाद भण्डारीले बताए । उनले सोही आधारमा एमसिसी कार्यक्रम स्थगन गरिएको जानकारी दिए ।

परियोजना पुनः सञ्चालनबारे अन्योल रहेकोसमेत उनले बताए । 'अहिलेलाई प्रोजेक्ट रोक्नु भन्ने छ । अब कहिले निरन्तरता दिन्छ वा के गर्छ ? यसै भन्न सकिन्न,' उनले प्रभावसँग भने ।

एमसिसी नेपालमा विवादका बीच संघीय संसद्बाट बहुमतले अनुमोदन गरिएको परियोजना हो । तर, परियोजना सञ्चालनकै क्रममा रहँदा स्थगन भएको हो । हालै अमेरिकी जनताको सहयोग कार्यक्रम युएसएआइडी/युएसएड पनि रोकिएको थियो । त्यसबेला एमसिसीबारे भने केही भनिएको थिएन । अकस्मात् एमसिसी कार्यक्रम रोकिएको अर्थका अधिकारीहरू बताउँछन् ।

प्रवक्ता भण्डारीले अब एमसिसी परियोजना अन्योलमा परेको बताए । परियोजनाअन्तर्गत नेपालमा विद्युत् र सडक पूर्वाधारको निर्माण कार्य भइरहेको थियो । अमेरिकी सरकारको ५०० मिलियन डलर र नेपालको १९७ मिलियन डलर खर्चगरी ३०० किलोमिटर विद्युत् प्रसारणलाइन र सबस्टेसन निर्माणसँगै ७७ किलोमिटर सडकको स्तरोन्नति र मर्मतको काम गर्ने भनिएको थियो । सोहीअनुसार परियोजनाअन्तर्गत धमाधम काम भइरहेको थियो ।

एमसिए नेपाल कार्यालयका अनुसार ३१५ किलोमिटर लामो डबल सर्किटयुक्त ४०० केभी प्रसारणलाइन एमसिसीले निर्माण गरिरहेको थियो । २९७ किलोमिटर विद्युत् प्रसारणलाइन निर्माणका लागि एमसिए नेपालले पुनः बोलपत्र आह्वान गरेको थियो ।

काठमाडौंको लप्सीफेदी-रातमाटे-नयाँ हेटौंडा, रातमाटे- नयाँ दमौली र नयाँ दमौली-नयाँ बुटवल गरी तीनवटा खण्डमा विभाजन गरिएको उक्त प्रसारणलाइनको निर्माणका लागि बोलपत्र गरिएको थियो । बुटवल-गोरखपुर प्रसारणलाइनअन्तर्गत १८ किलोमिटर प्रसारणलाइन निर्माणका लागि १२३.६० लाख अमेरिकी डलरको सम्झौता ट्रान्सरेल लाइटिङ लिमिटेडसँग १४ भदौ २०८१ मा गरेको थियो । त्यसअन्तर्गत २१ महिनामा प्रसारणलाइन निर्माण सक्नेगरी काम अघि बढेको थियो ।

यसबाहेक विद्युत् प्रसारण आयोजनाअन्तर्गत तीनवटा नयाँ ४०० केभी क्षमताको इण्डोर ग्यास इन्सुलेटेड सबस्टेसन (जिआइएस) निर्माण हुन लागेको एमसिए नेपालको कार्यालयले जनाएको थियो । नुवाकोटको बेलकोटगढी नगरपालिकामा रातमाटे सबस्टेसन, तनहुँमा नयाँ दमौली सबस्टेसन र नवलपरासी पश्चिमको भूमहीमा नयाँ बुटवल सबस्टेसन निर्माणको काम पनि अगाडि बढेको थियो ।

निर्माणाधीन प्रसारणलाइन काठमाडौंको लप्सीफेदी र मकवानपुरको नयाँ हेटौंडास्थित नेपाल विद्युत् प्राधिकरणका विद्यमान सबस्टेसनहरू पनि परियोजनामा समावेश छ । एमसिसीअन्तर्गत पाँच करोड ४९ लाख अमेरिकी डलर लगानीमा सडक मर्मत आयोजना सञ्चालन थालिएको थियो । सडक विभाग तथा सडक बोर्डको क्षमता अभिवृद्धिका लागि प्राविधिक सहयोग गरिरहेको थियो ।

⏭ क्रमशः पृष्ठ ५ मा

प्रकृति लम्साल मृत्यु प्रकरण

# नेपाली विद्यार्थीलाई दुर्व्यवहार गरेपछि किट विश्वविद्यालयले माग्यो माफी

## सुरक्षा गार्ड पक्राउ, आरोपीलाई फौजदारी मुद्दा चलाइने

हामी पनि सबै कुराका लागि माफी चाहन्छौं र सबै नेपाली विद्यार्थी र नेपालका जनतालाई हाम्रो माया र स्नेह व्यक्त गर्दछौं ।

**■ किट विश्वविद्यालय प्रशासन**

हाम्रो माग न्याय पाउनुपऱ्यो भन्ने हो, अरु केही होइन । विद्यार्थीलाई पहिले आवश्यक परेका बेला बोलाउने अहिले यस्तो भयो जाऊ भन्नेचाहिँ ठीक होइन, विद्यार्थीलाई त्यस्तो गर्नु भएन ।

**■ सुनिल लम्साल**
मृतक प्रकृतिका बुवा




**■ प्रभाव संवाददाता**

**काठमाडौं–** भारतको ओडिसास्थित कलिंगा इन्स्टिच्युट अफ इन्डस्ट्रियल टेक्नोलोजी (किट) विश्वविद्यालय प्रशासनले नेपाली विद्यार्थीहरूसँग गरिएको दुर्व्यवहारको घटनामा माफी मागेको छ । मंगलबार एक वक्तव्य जारी गर्दै क्याम्पसका उपकुलपति प्रा. सरनजित सिंहले विद्यार्थीहरूप्रति गरिएको व्यवहारबाट विश्वविद्यालय प्रशासन दुःखी भएको जनाएका हुन् ।

सिंहले जारी गरेको वक्तव्यमा नेपाल र नेपालीप्रति सधैं माया रहेकोसमेत जनाएका छन् । 'हामी पनि सबै कुराका लागि माफी चाहन्छौं र सबै नेपाली विद्यार्थी र नेपालका जनतालाई हाम्रो माया र स्नेह व्यक्त गर्दछौं,' वक्तव्यमा भनिएको छ, 'हामीमध्ये केहीले आन्दोलनकारी विद्यार्थीहरूसँग गरेको व्यवहारप्रति पनि हामी दुःखी छौं । हामी हाम्रा विद्यार्थीहरूलाई माया गर्छौं र उनीहरूलाई कहिल्यै कुनै हानि पुऱ्याएका छैनौं ।'

आइतबार साँझ किटमा अध्ययनरत नेपाली छात्रा प्रकृति लम्साल मृत अवस्थामा भेटिएपछि त्यहाँ रहेका नेपाली विद्यार्थीले निष्पक्ष छानबिन हुनुपर्ने माग गरेका थिए । त्यसपछि विश्वविद्यालय प्रशासनले नेपाली विद्यार्थीलाई छात्रवासबाट जबरजस्ती निकालेर कट्टाकस्थित रेल स्टेसनमा छाडिदिएको थियो । प्रशासनका कर्मचारीले नेपाली विद्यार्थीलाई 'सित्तैमा पढाएको' भन्दै दुर्व्यवहार गरेको भिडियो सामाजिक सञ्जालमा भाइरल भएको थियो ।

⏭ क्रमशः पृष्ठ २ मा

## ओडिसा घटनाले दुवै सदन तातियो

प्रकृतिको मृत्यु प्रकरणले मंगलबारको राष्ट्रियसभा र प्रतिनिधिसभा तातेको छ । मंगलबार बसेको राष्ट्रियसभा बैठकमा सांसद तुलप्रसाद विश्वकर्माले यो घटनाले देशको स्वाभिमान निहुरिएको बताए । 'दुःखका साथ भन्नुपर्ने छ । यो देशको स्वाभिमान निहुरिएको छ,' विश्वकर्माले भने, 'पुनः नेपालीको स्वाभिमानमाथि विदेशी भूमिमा धावा बोलिएको छ ।'

राष्ट्रियसभाका अधिकांश सांसदले यस घटनाप्रति सरकारको ध्यानाकर्षण गराएका थिए । यसैगरी प्रतिनिधिसभाको बैठकको आकस्मिक समयमा सांसदहरूले घटनाको सत्यतथ्य छानबिन गर्न माग गरे ।

⏭ क्रमशः पृष्ठ २ मा

## हामीलाई न्याय चाहियो : प्रकृतिका बुवा

प्रकृतिका बुवा सुनिल लम्सालले न्याय माग गरेका छन् । भारतीय समाचार एजेन्सी एएनआईसँग कुरा गर्दै पोस्टमार्टमको प्रक्रिया सुरु भएको र त्यसपछि थप विषयहरू स्पष्ट हुने बताएका छन् । 'उनको मोबाइल, ल्यापटप, डायरीलगायत पनि फरेन्सिकले लगेको छ, त्यो रिपोर्ट आएपछि पनि के हो थाहा हुन्छ,' सुनिलले भनेका छन्, 'अहिलेलाई हामीलाई यति सूचना छ कि उनीमाथि ह्यारेसमेन्ट र इमोसनल ब्ल्याकमेलिङ भएको थियो, त्यही कारण उनले आत्महत्या गरेकी हुन् ।' विश्वविद्यालयका व्यक्तिहरूले आधिकारिकरूपमा केही नबताए पनि प्रहरी अधिकृतहरूले भने आफूहरूसँग राम्रो समन्वय गरेको उनले बताएका छन् ।

⏭ क्रमशः पृष्ठ २ मा

## क्षमायाचना

मंगलबार (६ फागुन) को प्रभाव दैनिकको मुख्य पृष्ठमा प्रकाशित *'नेपाली विद्यार्थीमाथि किट विश्वविद्यालयको अभद्र व्यवहार'* शीर्षकको समाचारमा प्रकृति लम्सालको तस्बिरको ठाउँमा असावधानीबस अन्यथा पर्न गएकोमा क्षमायाचनासहित भूलसुधार गरिएको जानकारी गराइन्छ । यसबाट आम पाठक वर्ग तथा सम्बन्धित व्यक्तिमा पर्न गएको असुविधाप्रति माफी चाहन्छौं । सं.

**सन्दर्भ: वैदेशिक रोजगार**

# रोजगारीका लागि माघमा ७२ हजारभन्दा बढीले छाडे मुलुक

## सात महिनामा विदेसिनेको संख्या साढे चार लाख नाघ्यो

**■ ममता थापा**




फाइल तस्बिर

**काठमाडौं–** चालु आर्थिक वर्ष २०८०/८१ को माघ महिनामा ७२ हजारभन्दा बढी वैदेशिक रोजगारीका लागि विदेसिएका छन् । वैदेशिक रोजगार विभागका अनुसार माघमा ७२ हजार हजार ४४१ जनाले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएका हुन् ।

यो संख्या व्यक्तिगत, संस्थागत, पुनः श्रम स्वीकृति लिनेको । जिटुजी प्रणालीमार्फत जानेहरूको संख्या पनि यसमा समावेश छ । विभागले उपलब्ध गराएको विवरणअनुसार माघ महिनामा विदेसिनेमध्ये ६४ हजार ३११ जना पुरुष र आठ हजार ४४१ जना महिला रहेका छन् ।

श्रम स्वीकृति लिनेमध्ये व्यक्तिगततर्फ नौ हजार ७१५ जना रहेका छन् । यसैगरी संस्थागत श्रम स्वीकृति लिने श्रमिक ३३ हजार ४५२ तथा पुनः श्रम स्वीकृति लिने २८ हजार २५८ रहेका विभागले जनाएको छ । उक्त महिनामा जिटुजीमार्फत एक हजार १६ जना रोजगारीका लागि विदेश लागेका छन् ।

यससँगै चालु आर्थिक वर्षको सात महिनामा रोजगारीका लागि विभिन्न मुलुक जाने श्रमिकको संख्या चार लाख ६५ हजार ५०८ पुगेको छ । माघ महिनामा विदेसिनेको संख्या अघिल्लो महिनाको तुलनामा पाँच हजारले बढेको छ । गत पुसमा ६७ हजार २५८ जना श्रम स्वीकृति लिएर विभिन्न मुलुक गएका थिए । विभागको तथ्यांकअनुसार चालु आर्थिक वर्षको साउनमा ५९ हजार ५७५, भदौमा ५७ हजार ४९३, असोजमा ५३ हजार ५२५, कात्तिकमा ७० हजार ९९० र मंसिरमा ८४ हजार २२६ जना वैदेशिक रोजगारीमा गएका थिए ।

### संस्थागत उजुरीको अवस्था

विभागमा गत माघ महिनामा संस्थागततर्फका ११२ वटा उजुरी परेका छन् । यस्ता उजुरी विभागको उद्धार, राहत तथा समन्वय शाखामा दर्ता हुने गरेका छन् । जसमध्ये १० वटा उद्धार, १५ वटा क्षतिपूर्ति र २० वटा घटनामा आपसी सहमति भएको छ ।

⏭ क्रमशः पृष्ठ २ मा

## व्यक्तिगत र कन्सल्टेन्सीको ठगी बढ्यो

पछिल्लो समय वैदेशिक रोजगारीका नाममा व्यक्ति र कन्सल्टेन्सीबाट हुने ठगीका घटना बढेको पाइएको छ । वैदेशिक रोजगार विभागले उपलब्ध गराएको तथ्यांकमा यस्तो देखिएको हो ।

माघ महिनामा विभागको मुद्दा तथा अनुसन्धान शाखामा ५०५ र प्रहरी शाखामा ४८० वटा उजुरी परेका छन् । विभागका अनुसार यी उजुरी व्यक्तिगत र कन्सल्टेन्सीबाट भएका ठगीसँग सम्बन्धित हुन् । माघ महिनामा परेका उजुरीमध्ये करिब ४० प्रतिशत उजुरी कन्सल्टेन्सीको ठगीसँग सम्बन्धित रहेको विभागले जनाएको छ । पछिल्लो केही महिनायता कन्सल्टेन्सीमार्फत हुने ठगीका घटना बढ्दै गएको विभागका निर्देशक

⏭ क्रमशः पृष्ठ २ मा


जनहितमा जारी सन्देश

**जाडोमा आगो ताप्दा, हिटर चलाउँदा वा गिजरको प्रयोग गर्दा अपनाउनु पर्ने सावधानीहरू**

जाडो याममा शरीर वा कोठालाई न्यानो बनाइराख्न आगो ताप्ने, हिटर बाल्ने, गिजरको प्रयोग गर्ने लगायतका उपायहरू गरिए पनि पर्याप्त सावधानी नअपनाउँदा अप्रिय घटनाहरू हुने गरेका छन्। त्यसैले त्यस्ता कार्य गर्दा सावधानीका निम्न उपायहरू अपनाऔं:

- हावा ओहोरदोहोर हुने ठाउँ वा कोठामा मात्र आगो ताप्ने, हिटर बाल्ने वा गिजर प्रयोग गर्ने
- कोइलाजन्य स्रोतबाट सकेसम्म आगो नतापौं
- आगो ताप्दा वा हिटर बाल्दा कागज, कपडा जस्ता छिटो जल्ने खालका सामाग्री नजिकै नराखौं
- आगो तापिसकेपछि त्यसलाई पूर्ण रूपमा निभाउने गरौं
- हिटरको प्रयोग गर्दा समय-समयमा चलिरहेको हिटरलाई बन्द गर्ने गरौं
- सुत्नुअघि अनिवार्य रूपमा हिटर बन्द गरौं
- गिजरको मुख्य मेसिनलाई बाथरूम बाहिर खुला ठाउँमा जडान गरौं
- गिजर खोलेर लामो समयसम्म बाथरूममा बस्ने नगरौं
- गिजर प्रयोग गरेर नुहाउँदा संभव भएसम्म बाथरूमको झ्याल बन्द नगरौं

प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा-७, सिफल, काठमाडौं

## पृष्ठ १ बाट क्रमशः

### नेपाली...

लम्सालको मृत्यु र नेपाली विद्यार्थीलाई विश्वविद्यालय प्रशासनले गरेको अभद्र व्यवहारको चौतर्फी विरोध भएसँगै नेपाल सरकार र नयाँ दिल्लीस्थित नेपाली दूतावासले यसबारे चासोका साथ कूटनीतिक पहल थालेको थियो । रूपन्देही घर भएकी २० वर्षीया लम्सालको शव आइतबार साँझ विश्वविद्यालयको छात्रवासमा झुन्डिएको अवस्थामा फेला परेको थियो । उनको मृत्यु शंकास्पद रहेको भन्दै नेपाली विद्यार्थीहरूले छानबिन माग गरेका हुन् । तर, उल्टै उनीहरूले विश्वविद्यालय प्रशासनबाट दुर्व्यवहार सहनुपर्‍यो। कतिपयलाई कुटपिटसमेत गरिएको बताइएको छ ।

विश्वविद्यालय प्रशासनका कर्मचारीले नेपाली विद्यार्थीमाथि गरेका गाली गलौज अत्यन्तै गैरजिम्मेवारपूर्ण रहेको भन्दै ती टिप्पणीहरू उनीहरूको व्यक्तिगत क्षमतामा क्षणिकरूपमा गरिएको किट प्रशासनले जनाएको छ । ती कर्मचारीलाई क्याम्पसबाट निलम्बन गरिएको पनि विज्ञप्तिमा उल्लेख गरिएको छ ।

#### सुरक्षा गार्ड पक्राउ, आरोपीलाई फौजदारी मुद्दा

किट विश्वविद्यालयले लम्साल मृत्यु प्रकरणमा सुरक्षा गार्डहरूलाई पक्राउ गरी निलम्बन गरिएको जनाएको छ । उक्त घटनालाई दुर्भाग्य भएको भन्दै ओडिसा सरकारको ध्यानाकर्षण भएको जनाएको छ । 'सरकारले गठन गरेको उच्चस्तरीय तथ्य छानबिन समितिको निष्कर्षका आधारमा उनीहरूलाई कानुनी र प्रशासनिक कारबाही गरिने छ,' ओडिसा सरकारले मंगलबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

छानबिन समितिमा प्रदेशको गृह विभागका अतिरिक्त मुख्यसचिव, महिला तथा बाल विकास विभागका प्रमुख सचिव र उच्च शिक्षा विभागका आयुक्त सहसचिव सदस्य रहेका छन् । रूपन्देही भैरहवाकी लम्साल किट विश्वविद्यालयमा बिटेकमा मेकानिकल इन्जिनियरिङ तेस्रो वर्षमा अध्ययनरत छात्रा हुन् । आइतबार साँझ मृत अवस्थामा भेटिएकी थिइन् । घटनाबारे जानकारी पाउनासाथ उनका बुवा सुनिल लम्साल भुवनेश्वरस्थित विश्वविद्यालयमा पुगिसकेका छन् ।

ओडिसा प्रहरीले यस घटनामा आरोपी आद्विक श्रीवास्तवविरुद्ध फौजदारी मुद्दा चलाउने जनाएको छ । श्रीवास्तवसँग प्रेममा रहेको र उनीसँग झगडाका कारण आत्महत्या गरेको हुनसक्ने प्रहरीको प्रारम्भिक अनुसन्धानले देखाएको भारतीय सञ्चारमाध्यमहरूमा दाबी गरिएको छ ।

■■■

### ओडिसा घटनाले...

नेकपा एमालेका सांसद ठाकुर गैरेले विद्यालयका प्रशासकहरूले नेपाली विद्यार्थी र नेपालीहरूप्रति गरिएको व्यवहार र शब्दप्रति आपत्ति जनाए । नेकपा माओवादी केन्द्रका सांसद माधव सापकोटाले पनि विद्यार्थीलाई त्यहाँ अपमानजनक व्यवहार गरेकोप्रति आपत्ति जनाए । 'सिंगो नेपाल र नेपालीमाथि धावा बोलियो । तर, सरकारको कूटनीतिक असक्षमताको कारण त्यहाँ अहिले पनि नेपाली विद्यार्थीहरूले असुरक्षित छन्,' सापकोटाले भने ।

यस्तै, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसद मनिष झाले संसद् र सिंहदरबारमा दुईतिहाइको दम्भ देखिए पनि जनताले दुईतिहाइको अनुभूति गर्न नपाएको टिप्पणी गरे । 'हाम्रो कूटनीति यति कमजोर भयो कि, छिमेकमा एउटा कलेजको चौकीदारले पनि हाम्रो नागरिकलाई सजिलै पिट्दिन पाए । तिम्रो देशको बजेट मेरो युनिभर्सिटीको जति पनि छैन भनेर हेप्न पाए । हामी दुईतिहाइको दम्भ सिंहदरबार र सदनभन्दा बाहिर हाम्रा नागरिकहरूले फिल गर्न पाएकै रहेन छन्,' झाले भने । सदनमा अधिकांश सांसदले ओडिसा घटनाबारे सरकारको ध्यानाकर्षण गराए ।

■■■

### हामीलाई न्याय...

'हाम्रो माग न्याय पाउनुपर्‍यो भन्ने हो, अरू केही होइन,' उनले भने । विश्वविद्यालयले मेला गरेरै विद्यार्थी लैजाने र अहिले यस्तो पर्दा जाऊ भन्नु ठीक नभएको सुनिलको दुःखेसो थियो । 'विद्यार्थीलाई पहिले आवश्यक परेका बेला बोलाउने अहिले यस्तो भयो जाऊ भन्नेचाहिँ ठीक होइन, विद्यार्थीलाई त्यस्तो गर्नु भएन,' उनले भने ।

यस घटनाको विरोधमा नेपालका विद्यार्थी संगठनहरूले प्रदर्शन जारी राखेका छन् भने भारतीय विद्यार्थी संगठनले पनि साथ दिएका छन् । भारतको सत्ताधारी दल भारतीय जनता पार्टी (भाजपा) को मातृ संस्था भनेर व्याख्या गरिने राष्ट्रिय स्वयंसेवक संघ (आरएसएस) तथा प्रमुख प्रतिपक्षी भारतीय राष्ट्रिय कंग्रेसका विद्यार्थी संगठनहरूले विज्ञप्ति जारी गर्दै घटनाको विरोध जनाएका छन् ।

■■■

### रोजगारीका...

माघ महिनामा विभागमा परेका उजुरीमध्ये ४५ वटा फर्स्योट भएका विभागले जनाएको छ । यसैगरी २४ लाख ८५ हजार रूपैयाँ क्षतिपूर्तिबापत उपलब्ध गराइएको तथ्यांक छ । सात महिनाको अवधिमा विभागमा जम्मा एक हजार ६६ वटा उजुरी परेकामा हालसम्म ५६५ वटा फर्स्योट भएको विभागले जनाएको छ ।

गत साउनमा २२५, भदौमा २३१, असोजमा १३७, कात्तिकमा ८६, मंसिरमा १४१ र पुसमा १३४ वटा संस्थागततर्फका उजुरी परेका छन् । जसअनुसार चालु आर्थिक वर्षको सुरुआतको तुलनामा पछिल्लो महिनामा यस्ता घटनामा केही कमी आएको देखिन्छ । चालु आर्थिक वर्षको सात महिनामा विभागले जम्मा पाँच करोड १२ लाख १४ हजार ५५० रूपैयाँ क्षतिपूर्ति दिलाएको जानकारी दिएको छ ।

■■■

### व्यक्तिगत...

तथा सूचना अधिकारी गुरुदत्त सुवेदी बताउँछन् । 'विगतमा ठगी भएर नआएको पनि हुनसक्छ, तर पछिल्लो दुई-तीन महिनायता कन्सल्टेन्सीबाट भएका ठगीका घटना बढेका छन्,' सुवेदी भन्छन् । विभागको उजुरी शाखामा कहिलेकाहीँ एक दिनमै १० देखि १५ वटासम्म कन्सल्टेन्सीबाट ठगिएका उजुरीहरू आएको रेकर्ड रहेको विभागको उजुरी शाखाले जनाएको छ ।

माघमा आएका ९०० भन्दा बढी उजुरीमध्ये ४९ वटा घटनामा मिलापत्र भएका छन् । विभागका अनुसार ११ वटा मुद्दा अदालतमा दायर भएका छन् । माघमामात्रै विभागको मुद्दा तथा अनुसन्धान शाखाले तीन करोड ९५ लाख आठ हजार रूपैयाँ क्षतिपूर्ति उपलब्ध गराएको तथ्यांक छ । पछिल्लो सात महिनामा जम्मा १०९ वटा मुद्दा अदातलसम्म पुगेको छ ।

चालु आर्थिक वर्षको साउनमा ९१३, भदौमा ७५४, असोजमा ४४७, कात्तिकमा ४६७, मंसिरमा ६८८ र पुसमा ८९३ वटा व्यक्तिगत र कन्सल्टेन्सीबाट ठगिएका उजुरी परेका छन् । पछिल्लो महिना माघमा यस्तो उजुरी बढेको विभागले उपलब्ध गराएको तथ्यांकमा देखिन्छ ।

---

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७६/१०/२८ गतेका दिन दर्ता भएको प्रा.लि. दर्ता नं. **२३४२८१** को **चेम्बर ट्राभल्स एण्ड टुर्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/११/०५ को निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

**काठ शिलवन्दी बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

**चौथो पटक प्रकाशित मितिः २०८१/११/०७ गते**

यस श्री नमुना सा.व.उ.स माई न.पा. २ र ४ इलामको वनवाट उत्पादन भई समूहको घाटगद्दिमा लट बनाई राखिएका काठहरू डि.व.का इलामको च.नं. ६९३२ मिति २०८०/१०/२३ गते र च.नं. ८४६१ मिति २०८०/१२/०५ गतेको लिलाम सहमति अनुसार साल गोलिया थान १०१ को १२०१.६४ क्यू फिट र अन्य जात गोलिया थान ३५ को ४५२.८३ क्यू.फिट काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना पुनः प्रकाशित गरिएको छ। अघिल्लो सूचना समूहको विषेश भेलाले रद्द गरेकाले यो सूचना पुनः प्रकाशित गरिएको हो । वन पैदावार सम्बन्धि कार्य गर्ने इच्छुक व्यक्ति संघसंस्था, फर्म वा कम्पनिले यो सूचना चौथो पटक प्रकाशित भएको मितिले ७ दिन भित्रमा शिलबन्दि बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धि बिस्तृत जानकारीको लागि यस सा.व.उ.स को कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स को कार्यालय तथा जिल्ला स्थित विभिन्न कार्यालयहरूको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री नमुना सा.व.उ.स. माई न.पा २ र ४ इलाम**

---

**काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

**प्रथम सूचना प्रकाशित मितिः २०८१/११/०७**

यस सामुदायिक वन उपभोक्ता समूहबाट गत आ.व. मा संकलन भएको बिभिन्न लटको साल जातको गोलिया ६८६.४५ क्यू.फि. र साल चिरान १६९.२३ क्यू.फि. काठ लिलाम बिक्री गर्नु परेकोले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र शिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । थप जानकारीको लागि यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**श्री ढापखोला सा.व.उ.स., तिनाउ-२, पाल्पा ।**

---

**कर्मचारी हटाईएको सम्बन्धी सूचना**

यस **Advance Recruitment Service Pvt. Ltd.** (ई.प.नं. ४४४/०६०/०६१) मा कार्यरत **सुस्मिता गिरी** (**ना.प्र.प्र.नंः ६५-०१-७४-०५७३४**) लाई आजको मितिबाट यस प्रा.लि. बाट हटाइएको हुनाले निजसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

Advance Recruitment Service Pvt. Ltd. श्रम इजाजत नं. ४४४/०६०/०६१
Gaushala, Ktm, Nepal,Tel: +977-1-4486946/4492505, Fax: +977-01-4485069

---

**महालक्ष्मी नगरपालिका, सिद्धिपुर-६, ललितपुरको नक्सा पास सम्बन्धमा जारी भएको १५ दिने सार्वजनिक सूचना**

**सूचना प्रकाशित मिति २०८१/११/०७**

ललितपुर जिल्ला महालक्ष्मी नगरपालिका वडा नं. ६ साविक सानागाउँ वडा नं १, कित्ता नं. ९७१ र ७९२ क्षेत्रफल ३८१.५६ व. मि. जग्गामा भवन निर्माण गर्न नक्सा पासको लागि २०८१ पौष २९ मा महालक्ष्मी नगरपालिका वडा नं. ६ कार्यालयबाट १५ दिने सूचना जारी गरेकोमा घर जग्गाको म्याद बारम्बार बुझाउन जादाँ सम्बन्धित तपसीलमा उल्लेखित संधियारहरूसंग सम्पर्क हुन नसकेकोले नक्सा पासको लागि १५ दिने सार्वजनिक सूचना जारी गरिएको छ । उल्लेखित कित्ता जग्गामा घर निर्माण हुदाँ तपाई साँधसँधियारहरूलाई बाधा तथा मर्का पर्ने भएमा समय अवधि भित्र महालक्ष्मी नगरपालिकाको ६ नं. वडा कार्यालयमा निवेदन दिनुहुन तथा साँधसंधियारको जानकारीको लागि सुचित गरिन्छ । म्याद भित्र कसैको कुनै प्रतिक्रिया दावी विरोध प्राप्त नभएमा नियमानुसर निवेदकको माग बमोजिम नक्सा पासको लागि नगरपालिकामा सिफारिश भईजाने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिल**

उत्तरः कि.नं १०५८ दशलाल महर्जन

---


**युएइमा रोजगार** कम्पनी : **FAN AL TAFSEEL CARPENTRY**

पूर्व स्वीकृति मिति : २०८१/११/०५ | LT. No. 319039 | चलानी नं. ६०१९४०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 2 | 0 | 1200 | ४५,४५३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन १४ गते (26th Feb. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
श्रम इजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com



**युएइमा रोजगार** कम्पनी : **SINOPEC ENGINEERING- ABU DHABI**

पूर्व स्वीकृति मिति : २०८१/११/०६ | LT. No. 319050 | चलानी नं. ६०२३३२४९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 100 | 0 | 800 | ३०,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Scaffolder | 100 | 0 | 1200 | ४५,४५२ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान:** Job Oriented Training Institute Pvt ltd shamakhushi Kathmandu
**मिति: २०८१ फागुन १७,१८ र १९ गते (1st,2nd and 3rd MAR. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**All Skills International Human Resource Pvt.ltd.**
श्रम इजाजत नं ९५७/०६७/०६८
Maharajganj-03, Basundhara, Kathmandu, Nepal, Tel +977-1-4989541-4989542
E-Mail : allskillsintl@gmail,com, allskillskishor@gmail.com, Website : www.allskillsintl.com



**बहराइनमा रोजगार** कम्पनी : **CLEAN UP FOR LABOR SUPPLY**

पूर्व स्वीकृति मिति : २०८१/११/०५ | LT. No. 319017 | चलानी नं. ६०२३३२०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 10 | 10 | 100 | ३६,९१३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **BILADI AUTO GARAGE**

पूर्व स्वीकृति मिति : २०८१/११/०५ | LT. No. 319018 | चलानी नं. ६०२३३२०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mechanic Helpers | 4 | 0 | 120 | ४४,२९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Mechanics | 2 | 0 | 150 | ५५,३६० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन १४ गते (26th Feb. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**Eminence Recruitment International Pvt Ltd** Govt. License No. 1569/079/80
Bhimsengola-31, Prayagmarg, Kathmandu Tel No: 01-4110036, 4110040, 9851164154, 9849964370
9803193977, Branch Office Chitwan (9855063454, 9806595102, Email : Info@eminencenepal.com, Website : Ww.eminencenepal.com

**कुवेतमा रोजगार** कम्पनी : **BALANCED BEVERAGE COMPANY COFFEE SHOP** शहर : **Kuwait**
पूर्व स्वीकृत मिति: २०८१/११/०६ चलानी नं.: ६०२३३२३२ **LT. No.: 319062**

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | ASST-BAKER | 4 | 2 | सम्बन्धित काममा दक्ष | 140 | ६३,०९३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | BARISTA | 4 | 0 | | 140 | ६३,०९३ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ फागुन १४ गते (26 February 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निः शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**MAHA INTERNATIONAL HR SOLUTION PVT. LTD.**
Gov. Lic No. 1746 /081/82
Airport Kalimatidol, Kathmandu | Tel: +977 01 5923308 | 9813768590
Email: mahainfo59@gmail.com


---

**धरान उपमहानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**धरान, सुनसरी, कोशी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

*प्रकाशित मिति : २०८१/११/०७ गते*

यस कार्यालयद्वारा २०८१/०७/०९ गते सौर्य दैनिकमा प्रकाशित गरिएको तल उल्लेख भएको निर्माण कार्यका लागि तपसिल बमोजिम ठेक्काको सूचनामा उल्लेखित अन्तिम मितिभित्र पर्न आएका बोलपत्रहरूको मूल्याङ्कन हुँदा न्यूनतम मूल्याङ्कन सारभूत रूपमा प्रभावग्राही बोलपत्र स्वीकृतिका लागि पेश भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) बमोजिमको प्रयोजनका लागि बोलपत्र स्वीकृत गर्ने **आशयपत्रको** ७ (**सात**) दिने सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | योजनाको नाम | बोलपत्र खरिद नं. | कबोल अंक भ्याट बाहेक PS सहित रु. | निर्माण व्यवसायीको नाम र ठेगाना |
|---|---|---|---|---|
| 1. | Construction of School Building of Shree Gyanodaya Secondary School, Dharan-11 | 01/DHARAN/WORKS/NCB/081/82 | 21,95,119.52 | श्री माङवारक कन्स्ट्रक्सन् कम्पनी प्रा.लि., धरान १८ |

---

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

**बुधबार, ०७ फागुन, २०८१**

- **मेष** तत्काल फाइदाले परिस्थिति बिग्रने छ ।
- **वृष** स्रोतसाधन जुट्नाले लगानिमा उत्साहा आउने ।
- **मिथुन** नयाँ काम थालनी गर्ने अवसर मिल्ने छ ।
- **कर्कट** सुखद् समाचारले उत्साह जगाउन छ ।
- **सिंह** आम्दानीको स्रोत भएपनि खर्च बढ्ने छ ।
- **कन्या** आकस्मिक खर्च बढ्नुका साथै अर्थ अभाव ।
- **तुला** दिगो कामको जग बसाउन सकिने छ ।
- **वृश्चिक** रमाइलो जमघटमा सहभागी बन्ने अजसर ।
- **धनु** व्यस्तताले शरीरमा कमजोरी पना आउने ।
- **मकर** विषेश अवस प्रप्त हुनले मन प्रफुल्ल हुने ।
- **कुम्भ** साथिभाइको आगमनले दिन मनोरञ्जनपूर्ण हुने ।
- **मीन** नयाँ अवसर साथै भौतिक सुख जुट्ने छ ।

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| विशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

०७ फागुन, २०८१ (१९ फेब्रुअरी, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३८.७१ | १३९.३१ |
| युरो | १ को | १४५.४० | १४६.०३ |
| पाउन्ड स्टिर्लङ | १ को | १७४.७५ | १७५.५१ |
| स्विस फ्रैन्क | १ को | १५३.९९ | १५४.६६ |
| अस्ट्रेलियन डलर | १ को | ८८.२३ | ८८.६२ |
| क्यानाडियन डलर | १ को | ९७.७३ | ९८.१५ |
| सिङ्गापुर डलर | १ को | १०३.४१ | १०३.८६ |
| जापानी येन | १० को | ९.१४ | ९.१८ |
| चिनियाँ युआन | १ को | १९.१० | १९.१८ |
| साउदी अरब रियाल | १ को | ३६.९८ | ३७.१४ |
| कतारी रियाल | १ को | ३८.०५ | ३८.२२ |
| थाई भाट | १ को | ४.१२ | ४.१३ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.७७ | ३७.९३ |
| मलेसियन रिङ्गेट | १ को | ३१.२८ | ३१.४२ |
| दक्षिण कोरियन वन | १०० को | ९.६१ | ९.६५ |
| स्विडिस क्रोनर | १ को | १२.९६ | १३.०१ |
| डेनिस क्रोनर | १ को | १९.४९ | १९.५८ |
| हङकङ डलर | १ को | १७.८३ | १७.९१ |
| कुवेती दिनार | १ को | ४४९.४७ | ४५१.४१ |
| बहराइन दिनार | १ को | ३६८.०४ | ३६९.६३ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

सर्वोच्चलाई बूढानीलकण्ठ नगरपालिकाको जवाफ

# अदालतको निर्णय अवज्ञा गरेको छैन

**काठमाडौं (प्रस)–** सर्वोच्च अदालतको संवैधानिक इजलासमा बूढानीलकण्ठ नगरपालिकाका नगरप्रमुख मिठाराम अधिकारीले अदालतको निर्णय जानाजान अवज्ञा गर्ने कार्य नभएको लिखित जवाफ पेस गरेका छन् ।

अदालतको संवैधानिक इजलासले दिएको अन्तरिम आदेशको अवज्ञा गरेको उल्लेख गर्दै अधिवक्ता कृष्णराज अर्यालले नगरपालिकासहितलाई विपक्षी बनाई दायर गरेको अवहेलनासम्बन्धी निवेदनमा लिखित जवाफ माग गरिएको थियो । अदालतले मागेको लिखित जवाफ पेस गर्दै नगरप्रमुख अधिकारीले अदालतको अवज्ञा नगरेको जवाफ पेस गरेका हुन् ।

जवाफमा भनिएको छ, 'हामीबाट अदालतको निर्णय वा आदेशको जानाजान अवज्ञा गर्ने कार्य नभएको र सधैं अदालतको सम्मान हुनुपर्ने मान्यता राख्ने जनप्रतिनिधि भएकाले न्यायपालिकाप्रति अनास्था पैदा गर्नेजस्ता काम भए गरिएको छैन ।' अदालतले लिखित जवाफ मागेका विपक्षी सबैले अदालतको आदेशको अवज्ञा नगरेको उल्लेख गर्दै अवहेलनासम्बन्धी निवेदन खारेज गर्न माग गरेका छन् ।

तत्कालीन प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ, न्यायाधीश प्रकाशमान सिंह राउत, सपना प्रधान मल्ल, प्रकाशकुमार ढुंगाना र कुमार रेग्मीको संवैधानिक इजलासले २०८१ साउन २३ गते गुठी संस्थान ऐन, २०३३ अनुसार बूढानीलकण्ठ नारायण मन्दिरको सञ्चालन र व्यवस्थापन गर्ने गुठी संस्थानको अधिकारमा हस्तक्षेप गर्ने, बाधा व्यवधान खडा गर्नेलगायतका कुनै कार्य नगर्न अन्तरिम आदेश गरेको थियो ।

आदेशमा नेपालको संविधानको धारा, २९० को उपधारा, (२) को परिप्रेक्ष्यमा हेर्दा नितान्त स्थानीय कानुनमार्फत गुठी संस्थानको अधिकारमा अन्यथा गर्न मिल्ने नदेखिएको उल्लेख छ । अन्तरिम आदेशमा भनिएको छ, 'बूढानीलकण्ठ नगरपालिका, बूढानीलकण्ठ क्षेत्र विकास समितिले चनं १४ मिति २०८०/१२/२ को पत्रमार्फत बूढानीलकण्ठ नारायण व्यवस्थापन समितिलाई चन्दा बाकस (दान पेटिका) हटाउने विषयका सम्बन्धमा गरेको पत्राचार प्रथम दृष्टिमा नै नेपालको संविधानको मर्म भावनाविपरीत एवं संघीय गुठी संस्थान ऐन अनुकूल नदेखिँदा सो पत्र कार्यान्वयन नगर्नू नगराउनू ।'

नगरपालिकाले गठन गरेको बूढानीलकण्ठ क्षेत्र विकास समितिले २०८० चैत २ मा बूढानीलकण्ठ नारायण व्यवस्थापन समितिलाई बूढानीलकण्ठ मन्दिर क्षेत्रबाट चन्दा बाकस (दान पेटिका) हटाउन पत्राचार गरेको थियो । उक्त पत्र कार्यान्वयन नगर्न अदालतले भनेको छ ।

अदालतले नेपालको संविधानको मर्म तथा भावनाविपरीत एवं संघीय गुठी संस्थान ऐन अनुकूल नदेखिँदा सो पत्र कार्यान्वयन नगर्नू नगराउनू र गुठी संस्थान ऐन, २०३३ अनुसार बूढानीलकण्ठ नारायण मन्दिरको सञ्चालन र व्यवस्थापन गर्ने गुठी संस्थानको अधिकारमा हस्तक्षेप गर्ने, बाधा व्यवधान खडा गर्नेलगायत कुनै कार्य नगर्नू भनेको छ ।

आदेशमा नेपालको संविधानको अनुसूची ८ मा स्थानीय तहको एकल अधिकार सूचीअन्तर्गत गुठी व्यवस्थापन विषयमा कुनै प्रावधान रहेको समेत नपाएको उल्लेख छ । बूढानीलकण्ठ नारायण मन्दिर राजगुठीको लगतमा दर्ता रही गुठी संस्थान ऐन, २०३३ अन्तर्गत रहेको र गुठी संस्थान ऐन, २०३३ बमोजिम राजगुठीको बन्दोबस्त र सञ्चालन गर्ने जिम्मेवारी गुठी संस्थानको रहेको छ । मठमन्दिरमा चढ्ने भेटीघाटीको व्यवस्था गर्ने अधिकार पनि गुठी संस्थानमा नै निहीत रहेको पाइएको आदेशमा छ ।

सर्वोच्च अदालतको संवैधानिक इजलासले स्थानीय सरकारको क्षेत्राधिकारभित्र नपर्ने भनी रोक लगाएपछि पनि क्षेत्र विकास समितिले अदालतको आदेशविपरीत काम गरिरहेको भन्दै संवैधानिक इजलासमा अदालतको अवहेलनासम्बन्धी निवेदन परेको हो । अदालतले कुनै पनि काम नगर्न आदेश दिएपछि पनि बूढानीलकण्ठ क्षेत्र विकास समितिको ब्यानर राखेर सार्वजनिक कार्यक्रम गर्ने र चन्दा बाकस राख्ने कार्यक्रम गर्दै आएको अवहेलनासम्बन्धी निवेदनमा उल्लेख छ । उक्त निवेदनमाथिको सुनुवाइपछि अदालतले नगरपालिकासँग लिखित जवाफ माग गरेको थियो ।

# सुरू भयो जाजरकोट भूकम्पपछिको पुनर्निर्माण

■ प्रभाव संवाददाता

**काठमाडौं–** जाजरकोट केन्द्रविन्दु भई गएको भूकम्पप्रभावित जिल्लामा पुनर्निर्माण सुरु गरिएको छ । डोटीमा ६०० भन्दा बढी लाभग्राहीसँग सम्झौता भइसकेको र केही दिनमा अनुदान रकम पठाउने तयारी गरिएको छ ।

अन्य जिल्लाहरू जाजरकोट र रुकुमपश्चिममा क्षतिको विवरण संकलन भइरहेको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख डा. भीष्मकुमार भुसालले जानकारी दिए । डोटीमा गत वर्ष नै क्षति विवरण संकलन गरिएकामा उक्त तथ्यांकलाई पुनः परीक्षण गरेर पुनर्निर्माण अघि बढाइएको उनले बताए । उनका अनुसार डोटीमा नौ हजार हाराहारीमा लाभग्राही छन् ।

जाजरकोट र रुकुमपश्चिममा पुनर्निर्माणका लागि पहिलो चरणको विवरण संकलन भइरहेको र अब पुनर्निर्माण सुरु हुने कार्यकारी प्रमुख भुसालले जानकारी दिए । उनका अनुसार पश्चिम नेपालमा भूकम्पबाट क्षति भएका निजी घरहरूको विस्तृत विवरण संकलनमा विपद् अध्ययन केन्द्र, इन्जिनियरिङ अध्ययन संस्थान, त्रिभुवन विश्वविद्यालय र प्राधिकरणबीच सम्झौता गरी काम भइरहेको छ ।

यकीन विवरण संकलन गर्न राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका उपसचिव वेदनिधि खनाल, सुदीपविक्रम भट्ट र रामबहादुर केसीसहितको टोलीले स्थलगतरूपमा जाजरकोट पुगेर सोमबार पहिलो चरणमा खटिने प्राविधिकलाई तालिम सञ्चालन गरेका छन् ।

उनीहरूले स्थानीय तह, सहरी विकास मन्त्रालय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट खटिएका इन्जिनियरलाई तालिम सञ्चालन गरेका हुन् । रुकुमपश्चिमका लागि पनि टोली खटाइसकिएको प्राधिकरणले जनाएको छ ।

# स्कुल बस दुर्घटना बढेपछि विशेष जाँच अभियान थालियो

**काठमाडौं–** विद्यार्थी बोकेका गाडी दुर्घटनामा पर्न थालेपछि उपत्यकामा स्कुल बसको निगरानी बढाउँदै विशेष जाँच अभियान थालिएको छ । काठमाडौंको दक्षिणकालीमा गत माघ २७ गते जुनकिरी स्कुलको बस दुर्घटना हुँदा चालकसहित दुई जनाको मृत्यु भयो ।

यस्तै, काठमाडौंको शंखरापुरमा माघ ३० गते वनभोजबाट फर्कंदै गरेको सत्यासाई स्कुलका विद्यार्थी बोकेको बस दुर्घटना हुँदा तीनजना विद्यार्थीको मृत्यु भएको थियो । ती दुर्घटनामा ५० भन्दा बढी विद्यार्थी घाइते भएका छन् ।

अन्य उपत्यकाबाहिरका जिल्लामा पछिल्लो समयमा स्कुल बस दुर्घटना भएका समाचार आइरहेका छन् । उपत्यकामै घटना हुन थालेपछि काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले स्कुलका बसमाथि निगरानी बढाउँदै विशेष जाँच अभियान नै थालेको कार्यालयका प्रमुख, प्रहरी वरिष्ठ उपरीक्षक विनोद घिमिरेले बताए । उनले भने, 'अघिपछि पनि निगरानी भइरहेकै थियो, तर काठमाडौंमा लगातार घटना भएपछि निगरानी थप बढाएका छौं, निगरानीमा मापसे गरेर स्कुल बस चलाएको भेटिएको छ, कारबाही जारी छ ।'

उनले प्रहरीलेमात्रै निगरानी गरेर नहुने हुँदा स्वयं स्कुल सञ्चालक तथा शिक्षकले पनि ध्यान दिनु जरुरी रहेको बताए । वनभोज खान जाँदा मापसे गर्नसक्ने भएकाले त्यसतर्फ विशेष ध्यान दिन उनले स्कुल सञ्चालकलाई आग्रह गरे । काठमाडौंमा भएका दुई स्कुल बस दुर्घटनापछि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले नेपालमा जारी भएको स्कुल बस निर्देशिका २०७४ लाई पूर्ण पालना गराउन आग्रह गरेको छ ।

मन्त्रालयले सूचना नै निकालेर तोकिएको मापदण्ड पालना गराउन, अनुगमन गर्न, दुर्घटनाको सत्यतथ्य पत्ता लगाई दोषीमाथि कारबाही गर्न सम्बन्धित मन्त्रालय, ट्राफिक प्रहरी र स्थानीय प्रशासनलाई अनुरोध पनि गरेको छ । सोही आधारमा ट्राफिक प्रहरीले निगरानी बढाएको हो । 'व्यापक निगरानी बढाएका छौं, मादक पदार्थ सेवन (मापसे), लागुपदार्थ सेवन (लापसे), गाडीको इन्जिनका समस्यालगायत हेरिरहेका छौं,' उपत्यका ट्राफिकका प्रवक्ता प्रहरी उपरीक्षक सञ्जयबहादुर राउतले भने, 'मापसे र लापसे गररै गाडी चलाएको भेटेका छौं, कतिपयमाथि मुद्दा चलिसकेको पनि छ, अभियान जारी छ ।'

मातहतका सबै युनिटलाई विशेष हेर भनेर निर्देशन पनि भएको उनले बताए । उपत्यकामा रहेको ट्राफिकका ७८ वटै युनिटलाई स्कुल बसको विशेष जाँच अभियानका लागि निर्देशन भइसकेको पनि उनले बताए । जाँच अभियान बढी स्कुल खुल्ने र छुट्ने समयको आसपास तथा बिदाको दिन, वनभोज जाने नाका तथा स्कुल वरिपरि केन्द्रित गरिएको छ । सडकमा कतै स्कुल बस देखिएमा पनि आवश्यक परीक्षण गरी चालकले मापसे गरे/नगरेको बारेमा निगरानी गर्न भनिएको पनि राउतले बताए । *रासस*


ललितपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पुल्चोक, ललितपुर, बागमती प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रथम पटक प्रकाशित मिति : २०८१/११/०७

यस कार्यालयबाट तपसिल बमोजिमको सामान खरिद सम्बन्धमा रीतपूर्वक पेश हुन आएका बोलपत्रहरुको मूल्याङ्कन पश्चात सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ उपदफा १ बमोजिम तपसिल बमोजिमको बोलपत्र न्युनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनौट भएको हुँदा ऐ.ऐ.ऐन को दफा २७ को उपदफा २ प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | ठेक्का विवरण | बोलपत्रदाताको नाम/ठेगाना | कबोल रकम (भ्याट समेत) |
|---|---|---|---|---|
| 1. | LMC-NCB-GOODS-2081/082-04 | Procurement of Eco-Friendly Bag | M/S Milan Multi International Suppliers, Kathmandu. | Nrs.29,38,000.00 (Twenty-Nine Lakh Thirty-Eight Thousand Only) |



रत्ननगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
बागमती प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

सूचना प्रकाशित मिति : २०८१/११/०७ गते

रत्ननगर नगरपालिका नगरकार्यपालिकाको कार्यालयबाट विभिन्न मितिमा राष्ट्रिय दैनिकहरुमा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार कार्य सम्पादन हुन गइरहेको तपसिल बमोजिमका कार्यहरुका लागि यस रत्ननगर नगरपालिका नगरकार्यपालिका कार्यालयमा पेश हुन आएका बोलपत्र सम्वन्धी प्रस्तावहरुको मुल्याङ्कन गर्दा निम्नानुसार बोलपत्रहरु प्रभावग्राही भई स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ (१) र दफा ४७ को उपदफा १ मा व्यवस्था बमोजिमको प्रयोजनार्थ सम्वन्धित सबैको जानकारीको लागि ७ (सात) दिने आशयको सूचना प्रकाशन गरिएको छ ।

तपसिल :

| क्र. सं. | कामको विवरण | बोलपत्र दाताको नाम र ठेगाना | कबोल गरेको रकम (भ्याट र पि. एस. सहित) |
|---|---|---|---|
| १. | विभिन्न कालोपत्रे सडक मर्मत एवम् पुनः निर्माण योजना (Black Top Road Construction Works at Various Location at Ward No.1 to 16) (RAT/CHITWAN/Works/NCB/25/2081-82) | प्राणनाथ कन्स्ट्रक्सन प्रा.लि., रत्ननगर १०, चितवन | रू.३२,१५,०७८।१९ (बत्तिस लाख पन्द्र हजार अठहत्तर रुपैयाँ र पैसा उन्नाईस मात्र ।) |
| २. | टरौली आधारभुत स्वास्थ्य केन्द्र भवन निर्माण सम्पन्न गर्ने योजना (Tarauli Swasthya Chauki Finishing Works at Ward No. 5) (RAT/CHITWAN/Works/NCB/26/2081-82) | महानगर एक्स्प्रेस निर्माण सेवा, भरतपुर-१४, चितवन | रू.२९,९६,३९३।९० (उनान्तीस लाख छयानब्बे हजार तीन सय त्रियानब्बे रुपैयाँ र पैसा नब्बे मात्र ।) |
| ३. | रत्ननगर नगरपालिका वडा नं.२ मा निर्माण सम्पादन हुन गइरहेको सवारी पार्किङ्ग स्थल निर्माण गर्ने (Infrastructure at Parking area at Ward No.2) (RAT/CHITWAN/Works/NCB/27/2081-82) कार्य | Santra Construction Pvt. Ltd., Thapathali Kathmandu | रू.३५,३२,३४७।९९ (पैंतीस लाख बत्तीस हजार तीन सय सतचालिस रुपैयाँ र पैसा उनान्सय मात्र ।) |

प्रमुख प्रशासकीय अधिकृत



**युएइमा रोजगार** कम्पनी : TANZIFCO EMIRATES L.L.C.

पूर्व स्वीकृति मिति : २०८१/०१/३० | पुन: विज्ञापन स्वीकृति मिति : २०८१/११/०६ | LT. No. 304630 | चलानी नं. ६०२१९४०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 23 | 2 | 800 | ३०,३०२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Security Guard | 61 | 0 | 1200 | ४५,४५३ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन १४ गते (26th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. 1543/078/079
Index Recruitment Pvt. Ltd.
Chabahil - 7, Kathmandu, Nepal,Tel No. +977-01-5911443 Mo.NO. 9813850986, 9814269669
E-mail : info@indexrecruitment.com.np ,www. www.indexrecruitment.com.np



**जापानमा रोजगार** कम्पनी : Nishinihon Kenwa Cooperative

पूर्व स्वीकृति मिति : २०८१/११/०६ | LT. No. 319081 | चलानी नं. ६०२३३२३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | INTERIOR FINISHING | 4 | 0 | 167980 | १५४,११५ | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

कम्पनी : Nishinihon Kenwa Cooperative

पूर्व स्वीकृति मिति : २०८१/११/०६ | LT. No. 319080 | चलानी नं. ६०२३३२३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Welding | 3 | 0 | 175000 | १६०,५९० | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू:
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः ५०,०००
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

नोटः वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन १४ गते (26th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | ४०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


1559/079/80
FEWA OVERSEAS PVT. LTD
Kageshwori, Manohara-9, Airport Nagar, Gothatar, Kathmandu,Nepal, Tel: 01-4546052,5914530, 9808655324
9851208683, 9843579742, Email : fewaoverseas11@gmail.com, Web: www.fewaoverseas.com.np



**युएइमा रोजगार** कम्पनी : TIRHAL EMPLOYMENT L.L.C

पूर्व स्वीकृति मिति : २०८१/०५/१९ | पुन: विज्ञापन स्वीकृति मिति : २०८१/११/०६ | LT. No. 310053 | चलानी नं. ६०२२४७७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | DEMOLITION OF BUILDING LABOUR | 150 | 0 | 1100 | ४१,६६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Shuttering Carpenter | 25 | 0 | 1300 | ४९,२४० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन १४ गते (26th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Indigo Overseas Pvt. Ltd.
Samakhushi, Kathmandu, Nepal Tel : +977-1-4387787 / 6201955, Mobile No.9840806449, 9823025516
E-mail : indigo.pukar@gmail.com, indigo.recp@gmail.com, Website : www.ioplneoal.com



**साउदीमा रोजगार** कम्पनी : NAQI WATER COMPANY IS A LISTED JOINT STOCK COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०९/२६ | पुन: विज्ञापन स्वीकृति मिति : २०८१/११/०६ | LT. No. 316967 | चलानी नं. ६०२३११७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 10 | 0 | 1800 | ६६,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : SYRIAC EAST TRANSPORT CORPORATION

पूर्व स्वीकृति मिति : २०८१/१०/११ | पुन: विज्ञापन स्वीकृति मिति : २०८१/११/०६ | LT. No. 317665 | चलानी नं. ६०२३१९१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 2 | 0 | 1800 | ६६,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : LABAYH TRANSPORT AND LOGISTICS COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०९/२४ | पुन: विज्ञापन स्वीकृति मिति : २०८१/११/०६ | LT. No. 315685 | चलानी नं.६०२३२१६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 5 | 0 | 1800 | ६६,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : ABDULLAH KHALED AL HINDI TRANSPORT CORPORATION

पूर्व स्वीकृति मिति : २०८१/०४/०७ | पुन: विज्ञापन स्वीकृति मिति : २०८१/११/०६ | LT. No. 307805 | चलानी नं. ६०२२२५२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 6 | 0 | 1800 | ६६,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : ENGINEERING GATE CONTRACTING EST.

पूर्व स्वीकृति मिति : २०८१/०४/०७ | पुन: विज्ञापन स्वीकृति मिति : २०८१/११/०६ | LT. No. 316966 | चलानी नं. ६०२३११७७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 20 | 0 | 1000 | ३७,०९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन १४ गते (26th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


श्रम ईजाजत नं. १८५/०५७/०५८
Kapeel Manpower Pvt. Ltd.
Kupandole, Lalitpur, Nepal, Tel: 01-5451901, Mobile: 9851324457, 9823299605
E-mail: kapeelmanpowerpvtltd@gmail.com, Website: www.kapeelmanpower.com.np



**युएइमा रोजगार** कम्पनी : Bin Aizaz Building Cleaning Services Co. LLC

पूर्व स्वीकृति मिति : २०८१/१०/२७ | LT. No. 318548 | चलानी नं. ६०२३३२४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLEANER MALE | 6 | 0 | 950 | ३५,९८३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : AL MAKTB AL JADEED BUILDING MAINTENANCE

पूर्व स्वीकृति मिति : २०८१/१०/३० | LT. No. 318758 | चलानी नं. ६०२३३२४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | TILE LAYER | 40 | 0 | 1200 | ४५,४५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन १४ गते (26th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


GURUNG MAGAR SERVICES PVT. LTD.
Basundhara-5, KTM. Nepal, Tel: +977-15903411, +977-15903412 , 9851002414 , 9849886526, 9841896927, 9851003258, 9849832175, Email: gmservicesnepal@gmail.com, Website : www.gurungmagarservices.com
Govt. Lic. No. 851/066/067



**साउदीमा रोजगार** कम्पनी : MOHAMMED AL-BARGHASH AL-MANSOORI AND SONS TRADING AND CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८०/०८/२७ | पुन: विज्ञापन स्वीकृति मिति : २०८१/११/०६ | LT. No. 296425 | चलानी नं. ६०२११५५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Agent | 39 | 0 | 1000 | ३७,०९४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन १४ गते (26th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Janashakti International Services Pvt. Ltd.
श्रम ईजाजत नं. ९९९/०६८/०६९
Basundhara-3, Kathmandu, Nepal. Tel: +977-1-4964020 Cell No: +977-9851093031
9813413654, 9846702764,9851105682,9851084742, Email : info@jisnepal.com, Web: www.janashaktiintl.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

## प्रकृति लम्साल प्रकरणबाट सिकौं

**हरेक वर्ष नेपालबाट एक लाखभन्दा बढी विद्यार्थी उच्च शिक्षाका लागि विदेशिन्छन् । उनीहरू विदेशिँदा नेपाली अभिभावकको करोडौं लगानी सँगसँगै जान्छ । विदेश पढ्न जानुको अनेक कारण छन्– रहर, बाध्यता, देखासिकी, आकर्षण आदि.. ।**

**विदेशी कलेजहरू आफ्नो डिग्री बेच्न नेपालीको घरआँगनसम्मै आइपुग्छन् । शैक्षिक मेला सञ्चालन गर्छन् । परामर्शमा अनेकन सपना बाँड्छन् । राम्रो अंक ल्याएकालाई छात्रवृत्तिको लोभ देखाइन्छ । यही सपनामा मोहित भएर विद्यार्थीहरू विदेशको डिग्री पाउन आतुर हुन्छन् । राम्रो अंक, छात्रवृत्तिको पहिलो योग्यता हो । यसैमा ध्यान दिन्छन् अभिभावक । नेपाली विद्यालयलाई प्रभावमा पारेर आफ्ना सन्तानको प्रमाणपत्रमा अंकको ओइरो लगाउन लगाउँछन् । आधाभन्दा बढी पैसा तिरेर ५० प्रतिशत छात्रवृत्ति भन्दा पनि अभिभावक मक्ख पर्छन् ।**

**यसरी नै प्रकृति लम्सालजस्ता पात्र विदेशी डिग्रीका लागि विदेशिन बाध्य हुन्छन् । देशमा उच्च शिक्षाको व्यवस्था भए पनि नेपाली समाजमा विदेशी डिग्रीको मान्यता छ । विश्वविद्यालय प्रशासनको मनोमानी, क्यालेण्डरअनुसार विश्वविद्यालय नचल्नु, चरम राजनीतिक थलोका रूपमा विश्वविद्यालयलाई राजनीतिक दलले प्रयोग गर्नु नेपाली विश्वविद्यालयको विडम्बना बनेको छ । हाम्रोलाई राम्रो अंक र अरुकोलाई पटक–पटक फेल गराउने बेथिति यहाँको रोग नै हो । यस्तै जालझेल सहनुभन्दा चुपचाप दुःख खपेरै विश्वको कुनै कुनाबाट डिग्रीको प्रमाणपत्र बोकेर ल्याउँदा उज्यालो अनुहार देखिन्छ नेपाली विद्यार्थीमा ।**

**सायद प्रकृति पनि यस्तै पात्र हुनुपर्छ । मेकानिकल इञ्जिनियरिङमा स्नातक गरिरहेकी उनले आफ्नो सपना भने पूरा गर्न पाएनन् । उनको मृत्युको कारण जे होला, तर उनको मृत्यु प्रकरणले नेपाली शिक्षा पद्दतिलाई भने नराम्ररी झापट हानेको छ । एक जना विश्वविद्यालयको कर्मचारीले नेपालको हैसियत सम्झाइदिएको छ । जुन सत्य हो, त्यो तीतो हुन्छ । भारतको ओडिसास्थित कलिंगा इन्स्टिच्युट अफ इन्डस्ट्रियल टेक्नोलोजी (किट) विश्वविद्यालयकी ती कर्मचारीले नेपालीलाई भारतले कसरी सित्तैमा खुवाउँदै र पढाउँदै आएको छ र त्यति त नेपालको बजेट पनि हुँदैन भनेर केही सेकेण्डमै सम्झाइदिएकी छन् । कर्मचारीले विद्यार्थीलाई गलहत्याएर निकालेका छन् । चौतर्फी विरोधपछि भने विश्वविद्यालयले माफी मागेको छ ।**

**विश्वविद्यालयको विद्यार्थीप्रति नै यस्तो व्यवहार गरिन्छ भने नागरिकस्तरको व्यवहार कस्तो होला ? पक्कै पनि यसमा देशको बेथिति चित्रण हुन्छ । विश्वको जुनसुकै कुनामा पुगे पनि अहिले नेपालीप्रतिको व्यवहार खस्कँदो छ । यो देशको शासकवर्गको कमजोरीकै कारण हो । त्यसैले सदनदेखि सामाजिक सञ्जालमा गलफत्ती गर्नुभन्दा प्रकृति लम्साल प्रकरणबाट पाठ सिक्ने कि !**

### श्रम सरोकार

## वैदेशिक रोजगारी जाने वैधानिक प्रक्रिया

विद्यमान वैदेशिक रोजगार ऐनबमोजिम संस्थागत र व्यक्तिगत गरी जम्मा दुई प्रक्रियाबाट वैदेशिक रोजगारीमा जान सकिन्छ । संस्थागत प्रक्रिया भन्नाले विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीबमोजिम वैदेशिक रोजगार विभागबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालनको अनुमति लिएका म्यानपावर संस्थामार्फत कानुनबमोजिम वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ ।

**यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा हुने फाइदाहरू:**

- कुन देश जाने हो ? कुन कम्पनीमा जाने हो ? आफूले गर्ने काम के हो ? तलब सुविधा के हुने हो ? सबै कुराको स्पष्ट जानकारी पाइन्छ ।
- विदेशमा रहँदा कुनै समस्या परे सम्बन्धित म्यानपावरलाई सम्पर्क गरी समस्याको समाधान गर्न र उद्धारमा सहयोग पाउन सकिन्छ ।
- म्यानपावरबाट विदेश जाँदा ठगिएमा म्यानपावरले राखेको धरौटीबाट वैदेशिक रोजगार विभागमार्फत रकम असुलउपर गर्न सकिन्छ ।
- विदेशमा भनेअनुसारको काम र तलब नदिएमा पठाउने म्यानपावरबाट असुलउपर गर्ने कानुनी प्रावधान रहेको छ ।
- विदेशमा जाँदा बुझाउनुपर्ने वास्तविक लागत रकम कति हो भन्ने विषयमा बुझ्न सकिन्छ ।

व्यक्तिगत प्रक्रिया भन्नाले कामदार आफ्नै पहलमा विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रक्रिया पूरा गरी वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ । यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा कामदार आफ्नो कामका लागि स्वयं जिम्मेवार हुनुपर्दछ । तसर्थ, श्रम स्वीकृति लिएर संस्थागत (म्यानपावर कम्पनी) मार्फत वैदेशिक रोजगारमा जानु तुलनात्मकरूपमा सुरक्षित मानिन्छ ।

- वर्किङ भिसाबाहेक अन्य भिसामा वैदेशिक रोजगारीमा जानु हुँदैन । गलत कागजात बनाई वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रावधानविपरीत अन्य प्रक्रियाबाट वैदेशिक रोजगारमा जानु गैरकानुनी हुन्छ र यस्तो अवस्थामा कुनै पनि कुराको ग्यारेन्टी हुँदैन र ठगीमा पर्ने सम्भावना हुन्छ ।
- पर्यटक भिसा वा भिजिट भिसामा वैदेशिक रोजगारमा जानु हुँदैन ।

# 'सहनु' प्रजातान्त्रिक आचारण होइन



केदारभक्त माथेमा, प्राध्यापक

त्रिभुवन विश्वविद्यालयका पूर्वउपकुलपति **प्राध्यापक केदारभक्त माथेमा** 'चित्त नबुझेको कुरा पोख्नुपर्छ, बोल्नुपर्छ, विरोध गर्नुपर्छ, चुपचाप बस्न र सहन हुन्न, सहनु भनेको प्रजातान्त्रिक आचरण होइन' भन्ने विचार राख्छन् । उनी भन्छन्, 'जतातत्तै दलगत राजनीतिबारे सरकार र नेतालाई सम्झाउनुपर्छ । प्रजातान्त्रिक अधिकार खुम्चन नदिन नागरिक समाज बोल्नैपर्छ । थिचोमिचो सह्यो भने प्रजातन्त्र धरापमा पर्छ । सरकारका राम्रा कामको समर्थन र नराम्रा कामको आलोचना गर्नुपर्छ । प्रजातन्त्रमा हरेक नागरिक सचेत र सक्रिय हुनुपर्छ ।' लामो समय प्राज्ञिक, कूटनीतिक र आर्थिक क्षेत्रमा रहेर अनुभवले खारिएका उनी नागरिक समाजका प्रतिष्ठित व्यक्तित्व मानिन्छन् । प्रजातन्त्र दिवस–२०८१ को सन्दर्भ पारेर २००७ सालको जनक्रान्ति, त्यसको महत्त्व, त्यसयता मुलुकमा भइरहेको राजनीतिक अभ्यासलगायत समसामयिक विषयमा प्राध्यापक माथेमासँग *रासस*का निमित्त प्रमुख समाचारदाता **नारायणप्रसाद न्यौपाने**ले गरेको कुराकानीः

**अहिले केमा व्यस्त हुनुहुन्छ ?**

पढ्ने कुरामा विशेष चाख लाग्छ । पढ्दा-पढ्दा थकाइ लागेपछि बगैँचामा काम गर्छु । बाहिर केही आयोजना हुने र आमन्त्रण गरिएका कार्यक्रममा भाग लिन्छु । भरसक घरमा एउटा कुनामा बसेर बढ्न मन लाग्छ ।

**मुलुकको अहिले भइरहेको राजनीतिक अभ्यासलाई कसरी लिनुभएको छ ?**

देशको समग्र अवस्थामा पहिलेभन्दा धेरै प्रगति भएको छ । राजनीतिक अभ्यास परिस्कृत पनि हुँदै छ । तर समृद्धिको कोणबाट मुलुक अहिले जुन ठाउँ पुग्नुपर्थ्यो त्यो भने भएको छैन । प्रगतिसँगै विकृति पनि छिर्‍यो भन्ने लाग्छ । मुलुकको प्रजातान्त्रिक व्यवस्थालाई परिमार्जित र सुधार गर्दै जानुपर्दछ । निर्वाचन प्रणाली धेरै खर्चिलो भएकाले विभिन्न क्षेत्रमा भ्रष्टाचार बढ्यो भन्नेलगायत कुरा सुनिन्छ । त्यसमा के-कसो भएको हो ध्यान दिनुपर्छ । प्रजातन्त्रका लागि योगदान गरेका राजनीतिक दलभित्र 'प्रजातन्त्र छ कि छैन' भनी पछिल्लो समय मानिसले सोधिरहेको अवस्था छ । दलभित्र प्रजातन्त्र हुनुपर्छ । प्रजातान्त्रिक पार्टीमा सोअनुसारको आचरण हुनुपर्छ । यो मामिलामा हामीले बाटो बिराएर गयौं कि भन्ने लागेको छ, त्यसमा सुधार हुनुपर्छ ।

**नेपाल प्रजातन्त्र, लोकतन्त्र हुँदै गणन्त्रतको अभ्यासमा रहेको वर्तमान पृष्ठभूमिमा २००७ सालको राजनीतिक परिवर्तनलाई कसरी सम्झनुपर्छ जस्तो लाग्छ ?**

वि.सं. २००७ अघि नेपाली समाजमा खासै केही नभएको बेला प्रजातान्त्रिक नयाँ व्यवस्था आयो । त्यस समयमा सरकार, कर्मचारीतन्त्र, सेना र प्रहरी प्रशासन कसरी चलाउने भन्ने व्यवस्थित संयन्त्र थिएन, त्यसको व्यवस्थापन गर्न ठूलो चुनौती थियो । मुलुकभर त्यसबेला जम्माजम्मी ११ वटा माध्यमिक र करिब २०० को संख्यामा प्राथमिक विद्यालय थिए । विश्वविद्यालय थिएन । निजामती प्रशासन पनि राणाको हुकुममा चल्थ्यो । समाजका धेरै क्षेत्रमा सुधार गर्दै लैजानुपर्ने थियो । त्यस अवस्थाबाट यहाँसम्म आइपुग्दा तुलनात्मक रूपमा हेर्ने हो भने धेरै प्रगति हासिल भएको छ । हाम्रो कर्मचारीतन्त्र, सेना, प्रहरी र न्यायालय धेरै व्यवस्थित हुँदै गएका छन् । राणाको हुकुमी आदेश चलेको स्थानबाट देशले धेरै काम गरेर यहाँसम्म आइपुग्नु भनेको २००७ सालमा प्राप्त प्रजातन्त्रकै योगदान हो ।

**प्रजातान्त्रिक क्रान्तिको मूल मर्म र भावना के थियो ?**

वि.सं. २००७ को क्रान्तिको सन्देश भनेको भनेकै जहानियाँ राणा परिवारले देश चलाउने होइन । प्रजातान्त्रिक व्यवस्थामा मात्रै जनताका आवाज सुनिन्छ भन्ने हो । त्यो परिवर्तनले मुलुकमा नेपाली जनता सामेल भएको मन्त्रिपरिषद् गठन, आमनिर्वाचन, नयाँ संविधान लेखनमात्र नभई जनताको आवाज सुन्ने तथा देशमा उद्योगधन्दा खोल्ने, चुनावमा भाग लिने र लगानी गर्ने वातावरणसमेत बन्यो । त्यही क्रान्तिको जगमै नेपालले हालसम्मको उपलब्धि र प्रगति हासिल गर्न सम्भव भएको हो ।

**२००७ फागुन ७ गतेलाई नेपालको इतिहासमा कसरी लिने गरिएको छ ?**

सहिदलाई सम्झने भनेको वर्षमा एक दिन उनीहरूका परिवारलाई सान्त्वना दिनेमात्र होइन । सहिदले केका लागि बलिदानी दिएका थिए भन्ने जान्नुअघि प्रजातन्त्रको महत्त्व बुझ्न जरुरी छ । प्रजातन्त्रका लागि जीवनको आहुति भएको हुँदा त्यसको महत्त्व बुझेर सचेत हुनुपर्छ । सहिदलाई सम्झनु भनेको लोकतन्त्र बुझ्नु र त्यसमा आँच आउन नदिनु हो । नेपालको इतिहासमा २००७ साल भनेको अहिले अभ्यासमा रहेको लोकतन्त्र र गणतन्त्रको जग हो । त्यसको महत्त्वलाई उजागर गर्ने र संरक्षण गर्ने सबै नेपालीजनको कर्तव्य हो । त्यो मार्गबाट कोही पनि दायाँबायाँ लाग्न हुन्न ।

**नेपालको राजनीतिक शासन व्यवस्था परिवर्तनमा सहिद धर्मभक्त माथेमाको ठूलो बलिदानी छ, उहाँको सपना के थियो ?**

सहिद धर्मभक्त मेरो ठूलो बुबा हुनुहुन्थ्यो । उहाँ कलकत्तामा पढ्नुहुन्थ्यो । कलकत्ता त्यसबेलै असाध्यै प्रगतिशील ठाउँ थियो । बेलायती उपनिवेशको महत्त्वपूर्ण सहर थियो । त्यहाँ एक से एक व्यक्ति बस्थे । आज बंगालले जे कुरा सोच्छ, बाँकी विश्वले त्यो भोलिमात्र सोच्छ भन्ने मान्यता लिइन्थ्यो । भारतमा अंग्रेजविरुद्धको आन्दोलनको प्रभाव त्यसबेला धर्मभक्तमा पर्न गयो । नेपालमा पनि प्रजातन्त्र चाहिन्छ भन्ने उहाँमा जागरण पैदा भयो । नेपाल आएपछि राजा त्रिभुवनलाई शारीरिक व्यायाम सिकाउने सिलसिलामा उहाँको दरबारमा प्रवेश भयो । त्यसबेला टंकप्रसाद आचार्य, रामहरि शर्मा, बालकृष्ण सम, गंगालाल, दशरथ चन्दलगायत युवाले प्रजा परिषद् गठन गर्नुभयो । उहाँहरूको एउटै उद्देश्य र सपना भनेको निरंकुश शासन अन्त्य गरी नेपालमा प्रजातन्त्र स्थापना गर्नुपर्छ भन्ने थियो । जनताको शासन व्यवस्था हुनुपर्छ भन्नेमा दृढ हुनुहुन्थ्यो ।

**मुलुकमा धेरै राजनीतिक व्यवस्था फेरियो तर जनताको अवस्थामा गुणात्मक परिवर्तन आएन भन्ने टिप्पणीप्रति यहाँको दृष्टिकोण के छ ?**

मुलुकमा केही नभएको भन्ने होइन, धेरै नै भएको छ । युरोप र अमेरिकाजस्तो नहोला तर विश्वविद्यालय, अस्पताल, मेडिकल कलेज, सडक, पूर्वाधार निर्माण, शिक्षा, स्वास्थ्य र सूचना प्रविधिको क्षेत्रमा उल्लेखनीय उपलब्धि हासिल भएका छन् । तर सबैभन्दा महत्त्वपूर्ण कुरा भनेको यो उपलब्धिबाट जनताले आफूलाई छोएको अनुभूति गर्‍यो कि गरेन भन्ने मुख्य विषय हो । जनताले पनि देश र समाज रूपान्तरणको अभियानमा आफ्नो ठाउँ भरमग्दुर प्रयास गरिरहेको पाइन्छ । उदाहरणका लागि, मकवानपुरको चित्लाङमा जनता आफैं चिज र वाइन उत्पादन गरिरहेका छन् भने पर्यटन प्रवर्द्धनका विभिन्न कोसिस भइरहेको छ । तथापि अझै नपुगेको जस्तो भइरहेको छ । विभिन्न कारण गाउँबस्तीमा जनसंख्या पातलो हुँदै छ । विश्वविद्यालय र अस्पतालको सुगमताले त्यस्ता ग्रामीण बस्ती बढाउन सहयोग पुर्‍याउने छ । प्राथमिक विषय भनेको गुणात्मक परिवर्तनका लागि आमजनतामा अब मुलुकमा राम्रो हुँदै छ भन्ने राज्यले अनुभूति दिलाउन सक्नुपर्छ ।

**जनअपेक्षालाई सम्बोधन गर्न अब कसरी अघि बढ्नुपर्छ जस्तो लाग्छ ?**

सुनिँदै आएको छ, सरकारले पुँजीगत खर्च गर्न सकेन । त्यो अवस्थाले विकास कसरी सम्भव हुन्छ ? सरकारको पैसाले मात्र विकास र समृद्धिको लक्ष्य हासिल गर्न सकिन्न । बाहिरबाट सहयोग र लगानी आउनपर्छ । २५ वर्षअघि म विश्व बैंकमा काम गर्थें । त्यसपछि विश्वविद्यालय र राजदूत भई काम गरें । सत्य कुरा के हो भने कुनै पनि देश आफ्नो मात्र पैसा लगानी गरेर मात्र धनी भएको छैन । सिंगापुर, कोरिया, जापान, चीन, भियतनामलगायत मुलुकले बाहृय स्रोतलाई आकर्षण गरेर सफल भएका हुन् । त्यो नगरी हुन्न । वैदेशिक लगानी भित्र्याउन लगानीकर्ताले लगानी वातावरण, कानुनी प्रक्रिया, मुनाफाको सम्भावना र प्रणालीको सुनिश्चितता खोज्छन् । त्यो नभई लगानी आउन्न । मुलुकको आर्थिक र पूर्वाधार विकासका लागि वैदेशिक लगानी ल्याउनै पर्छ । युवापुस्तालाई रोजगारी दिन उद्योग/व्यवसाय खोल्न पनि वैदेशिक लगानी अत्यावश्यक हुन्छ । नेपालमा लगानीका लागि पर्यटन क्षेत्रमा पनि ठूलो सम्भावना छ । त्यो क्षेत्रलाई अझै राम्रो तुल्याउनुपर्छ । बढी पैसा खर्च गर्ने पर्यटक भित्र्याउनुपर्छ । देशका नेताहरू विभिन्न क्षेत्रलाई 'हब' बनाउने कुरा गर्नुहुन्छ तर त्यसमा गुणस्तरमा ध्यान दिनुपर्छ । गुणस्तर राम्रो भएपछि स्वतः आकर्षण बढ्छ नै । बाहृय स्रोत परिचालन, लगानीका लागि कानुनी प्रक्रिया सहज बनाउने र सुशासन कायम गर्ने कार्यलाई प्राथमिकतामा राखिनुपर्छ ।

**जापान जस्तो समृद्ध मुलुकमा राजदूत भएर काम गर्नुभएको अनुभव छ, वास्तवमा देशको परराष्ट्र नीति र छिमेकीसँगको सम्बन्ध कस्तो हुनुपर्छ ?**

> - देशको समग्र अवस्थामा पहिलेभन्दा धेरै प्रगति भएको छ । राजनीतिक अभ्यास परिस्कृत पनि हुँदै छ । तर समृद्धिको कोणबाट मुलुक अहिले जुन ठाउँ पुग्नुपर्थ्यो त्यो भने भएको छैन ।
> - सहिदलाई सम्झने भनेको वर्षमा एक दिन उनीहरूका परिवारलाई सान्त्वना दिनेमात्र होइन । सहिदले केका लागि बलिदानी दिएका थिए भन्ने जान्नुअघि प्रजातन्त्रको महत्त्व बुझ्न जरूरी छ ।
> - मुलुकमा केही नभएको भन्ने होइन, धेरै नै भएको छ । तर सबैभन्दा महत्त्वपूर्ण कुरा भनेको यो उपलब्धिबाट जनताले आफूलाई छोएको अनुभूति गर्‍यो कि गरेन भन्ने मुख्य विषय हो ।
> - युवामा नेपालमै मेरो भविष्य छ, यो क्षेत्रमा गर्न सक्छु । मेरो परिवार र साथीभाइ यहीँ छ, यहीँ बसेर केही गर्छु भन्ने भावना जागृत तुल्याउनुपर्छ । त्यो भावना राज्यको माथिल्लो तहबाटै आउनुपर्छ ।
> - प्रजातान्त्रिक अधिकार खुम्चन लाग्यो भने नागरिक समाज अघि आउनुपर्छ, बोल्नुपर्छ । यस्ता गतिविधिले प्रजातन्त्रलाई बलियो तुल्याउँछ ।

परराष्ट्र नीति भन्ने कुरा सरकारको फेरबदलसँगै परिवर्तन हुनु हुँदैन । सरकार बदलिए पनि परराष्ट्र नीति बदलिँदैन, स्थिर भएर काम गरिरहन्छ । परराष्ट्र नीतिको कुरा गर्दा हाम्रा दुई छिमेकी भारत-चीनको चासोलाई सन्तुलित रूपमा कसरी सम्बोधन गर्ने भन्ने विषयलाई केन्द्रमा राखिनुपर्छ । उनीहरूका चासोलाई राम्रोसँग बुझ्नुपर्छ । गहिरो अध्ययन हुनुपर्छ । दुवै छिमेकीलाई चित्त बुझाएर अगाडि बढ्नुपर्छ । एउटाको सहयोग लिँदा अर्को रिसाउने अवस्था सिर्जना हुन दिनुभएन । छिमेकी हुनुका नाताले सहकार्य गर्न चाहन्छौं भन्ने प्रस्ट धारणा राख्नुपर्छ । त्यसतिर ध्यान पुर्‍याउनुपर्छ । दुवै देशलाई गहिरोसँग बुझ्न अध्ययन गर्ने संस्था आवश्यक पर्छ । विशेषज्ञको व्यवस्था हुनुपर्छ । उनीहरूसँगको सल्लाहमा सम्बन्ध अघि बढाउनुपर्छ । विश्व अर्थतन्त्रका हिसाबले महत्त्वपूर्ण रहेका चीन र भारतबाट हामीले लाभ लिन सक्नुपर्छ । छिमेकीसँगको सम्बन्धलाई सन्तुलित र प्रगाढ तुल्याएर लैजान हाम्रो परराष्ट्र नीति चुक्न हुन्न । छिमेकीलाई मिलाएपछि अरूसँगको सम्बन्ध स्वतः अघि बढ्छ । त्यसका लागि हाम्रा कर्मचारीलगायत संयन्त्रलाई बलियो बनाउनुपर्छ । परराष्ट्र मन्त्रालय पनि व्यवस्थित र व्यावसायिक हुनुपर्छ ।

**छिमेकीसँगको सम्बन्ध सन्तुलितरूपमा अघि बढाउन थप के कस्तो नीति अवलम्बन गर्न आवश्यक देखिन्छ ?**

चीनसँग सहकार्य गर्दा भारत सशंकित नहोस्, भारतसँग मिल्दा चीनले अप्ठ्यारो महसुस नगरोस् । हामीले भन्न सक्नुपर्छ दुवैसँग मित्रता बढाउन चाहन्छौं । हामीले एउटासँग मित्रता गर्दा अर्कालाई कुनै असर हुने छैन भनी आश्वस्त पार्न सक्नुपर्छ । चीन र भारतसँगको सम्बन्धलाई प्राथमिकतामा राख्नुपर्छ ।

**नेपालमा पछिल्ला समय शिक्षाको गुणस्तरमा प्रश्न उब्जाइएको छ, यसप्रति यहाँको धारणा के हो ?**

दलगत राजनीतिले विश्वविद्यालयलाई असाध्यै असर पार्‍यो । बाहृय मुलुकमा विश्वविद्यालयलाई प्राज्ञले चलाउने स्थलका रूपमा लिइन्छ । विश्वविद्यालय चलाउने अभ्यासलाई 'प्राज्ञ-गणतन्त्र'का रूपमा हेरिन्छ । विश्वविद्यालयमा दलगत राजनीति आउनुहुन्न । त्यहाँका विश्वविद्यालयका पदाधिकारी निर्वाचन प्रणालीद्वारा चयन गरिन्छ । विश्वविद्यालयमा राजनीति प्रवेश गर्दा गुणस्तर खुम्चिन्छ । पार्टीका मानिस जिम्मेवारीमा जानु राम्रो होइन । दलगत गन्ध आउनुहुन्न । त्यो बौद्धिक संस्था हो । क्षमतावान् मान्छेलाई जिम्मेवारी दिनुपर्छ । हावर्ड विश्वविद्यालयको डिन मुलुकभित्र नपाएपछि मेक्सिकोका पूर्वस्वास्थ्यमन्त्री ल्याइएको उदाहरण हामीले जानेका छौं । विश्वविद्यालय हाँक्ने व्यक्तिको छनोट हाम्रोबाट नभई क्षमतावान् राम्रो प्राज्ञिक व्यक्तित्वको छनोट हुनुपर्छ ।

**विश्वमै विश्वासिलो, साहसिक र अनुशासित भनी परिचय बनाएका नेपाली युवाको विदेश पलायनलाई कसरी रोक्न सकिन्छ ?**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Pari Overseas Pvt. Ltd.
Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448, Mob: 9813231220, 9802313931, 9851135073, 9808265177,
9806594218, 9841191699, 9841142488, 9861252520, 9851050223, Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com
श्रम ईजाजत नं. ११७७/०७४/०७५

## साउदीमा रोजगार

कम्पनी : Nayef Abdullah bin Mohammed Mohammed Café for serving drinks

पूर्व स्वीकृति मिति : २०८१/११/०६ | LT. No. 319069 | चलानी नं. ६०२३३२३६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food & Beverage Jonior Waiter | 3 | 0 | 1500 | ५५,६४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ फागुन १२ गते (24th Feb. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SUPERB SOLUTIONS Pvt.Ltd.
P.O.Box: 2770, Kalimatidole, Kathmandu, Nepal. Tel: +977-1-4495108, 4461243,
Mobile No. 9811837449/9804376076
श्रम ईजाजत नं. २६४/०५८/०५९

# प्रभाव दैनिक

बुधबार, ०७ फागुन २०८१ (Wednesday, February 19, 2025)


रूपशाला

### सुन्दरहरैंचामा गुन्जिए दीपक बज्राचार्य

गायक दीपक बज्राचार्य र उनको रिदम ब्यान्डले मोरङको सुन्दरहरैंचा स्थित विराटचोकमा अर्को सांगीतिक प्रस्तुति दिएको छ । विराटचोकमा सञ्चालन भइरहेको 'विराट एक्स्पो'को अवसर पारेर दीपकसहित टिमको प्रस्तुति आयोजना भएको थियो । कार्यक्रममा गायक दीपक र ब्यान्डले करिब २ घण्टा आ□ना नयाँ र पुरानो गीतहरूले दर्शक नचाउन सफल रहे । कार्यक्रममा परम्परागत संस्कृति झल्कने लाखे नाच, झाँक्री नाच समेत प्रस्तुत गरिएको थियो ।



# रूसी सदनमा १६औं बालनाटक महोत्सव



■ प्रभाव संवाददाता

**काठमाडौं–** कमलपोखरीस्थित रुसी सदन (रसियन हाउस)मा केही दिनदेखि १६औं राष्ट्रिय बाल नाटक महोत्सव तथा बाल लघुचलचित्र महोत्सव चलिरहेको छ । शैली थियटरको आयोजना, चलचित्र विकास बोर्ड र रुसी सदनको सह-आयोजना रहेको महोत्सव १ गते सुरु भएको हो ।

महोत्सवको शुभारम्भ चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसी र रुसी सदन काठमाडौंका निर्देशक आन्तोन मास्लोभले संयुक्त गरेका थिए । बुधबारसम्म चल्ने महोत्सवको छैटौं दिन मंगलबार दर्शना स्कुलको 'को चोर', मृगशिरा बोर्ल्ड स्कुलको 'लौरो', माउन्ड हर्मन चिल्ड्रेन एकडेमीको 'शिशिर र वसन्त', हिले माध्यामिक विद्यालयको 'आरनको कथा', वेष्ट प्वाइन्ट आ.मा.बिको 'रमेशको आशाको त्यान्द्रो राजु' लगायतको नाटक प्रदर्शन भएका छन् ।

महोत्सवका दैनिक लघु चलचित्र समेत प्रदर्शन हुने गरेको छ । अहिलेसम्म औलो, एकजोर जुत्ता, एप्रोन, हुर्रा लगायत ८ वटा प्रदर्शन भइसकेका छन् ।

'नाटक, लघु चलचित्रको माध्यमबाट विद्यार्थीहरूलाई थप सृजनशील बनाउन सकिन्छ' भन्ने उद्देश्यले महोत्सव आयोजनामा भएको हो । यस्तै विषयवस्तुमा केन्द्रित १३ वटा नाटक महोत्सवमा सहभागी छन् । तीमध्ये दैनिक ३ देखि ७ वटासम्म विभिन्न नाटकको शो हुने गरेको आयोजक शैली थियटरका अध्यक्ष तथा महोत्सव निर्देशक नवराज बुढाथोकीले बताए । बुढाथोकीका अनुसार नाटक हेर्न विद्यार्थी, शिक्षक र अभिभावकको दैनिक भिडभाड लाग्ने गरेको छ ।

'हिजो सोमबारसम्म ५ हजार बढी विद्यार्थीले महोत्सवमा सहभागिता जनाइसकेका छन्', अध्यक्ष बुढाथोकीले भने 'हिजो र अस्तिको तुलनामा आज भिडभाड झन् धेरै छ ।' बुधबार समापन दिनसम्ममा करिब १० हजार विद्यार्थीले महोत्सवको अवलोकन गर्ने बुढाथोकीले अनुमान लगाए । 'महोत्सव विद्यार्थी मात्र होइन करिब २५ सय अभिभावकले समेत अवलोकन गरिसके' बुढाथोकीले थपे 'रुसी सदनको हलको प्रत्येक शोमा दर्शक संख्या २ सय ५० हो । हामीले भिडभाडका कारण ३ सयसम्म राख्नु परेको छ ।'

महोत्सवका सहआयोजक रुसी सदनका निर्देशक आन्तोन मास्लोभले महोत्सवले बाल साहित्य सहित नाट्य क्षेत्रमा फरकपन भित्रने उद्देश्य लिएको बताए । उनले नेपाल र रुसको सांस्कृतिक विकास र प्रवर्द्धनमा लागि रुसी सदन सधैं अग्रणी स्थानमा रहेको उल्लेख गर्दै महोत्सवले नाटक र नाट्य क्षेत्रमा नयाँ बालबालिकाको सहभागिताले यो क्षेत्रमा फरक नयाँ पन भित्रिने विश्वास व्यक्त गरे ।


महोत्सवमा बाल नाटक र बाल लघु चलचित्र प्रदर्शनको अलवा बाल बालिकाको लागि लाभदायक विभिन्न कार्यक्रम समेत हुने गरेका छन् । समापनमा प्रदर्शित नाटकका कलाकारदेखि विभिन्न पक्षलाई अवार्ड प्रदान गरिनेछ । महोत्सवको जुरीमा फिल्म निर्देशक बद्री अधिकारी र रंगकर्मी अभिनेत्री सरिता गिरी रहेका छन् ।

महोत्सवमा प्रदर्शनका लागि १३ नाटकमा छानिएका छन् । ती सबै नाटक बाल बालिका केन्द्रित र उनीहरूको बौद्धिक विकासका उद्देश्यले निर्माण भएका हुन् । महोत्सवमा आयोजक शैली थियटरको नाटक 'खरी विनाको मादल' रहेको छ ।

त्यसैगरी होली एन्जल्स पब्लिक स्कुलको 'तारेभिर', आकाश गंगा इन्टर नेशनल स्कुलको 'रत्त पासो', काठमाडौं प्रज्ञा कुञ्ज स्कुलको 'खेल्ने बेला', पिक प्वाइन्ट एजुकेसन नेटवर्कको 'यशस्वी भव:', समृद्धि स्कुलको 'दि अल्किमिष्ट' र 'देउकी', द भेलोसिटी स्कुलको 'तुलसी', युनाइटेट युनिभर्सल स्कुलको 'पढ्न न त मन लाग्छ', सन् साइन इङ्लिस बोडिङ स्कुलको 'स्याडो', दर्शना स्कुलको 'को चोर', मृगशिरा बोर्ल्ड स्कुलको 'लौरो', माउन्ट हर्मन चिल्ड्रेन एकडेमीको 'शिशिर र वसन्त', हिले माध्यामिक विद्यालयको 'आरनको कथा', वेष्ट प्वाइन्ट आ.मा.बिको 'रमेशको आशाको त्यान्द्रो राजु' रहेका छन् ।

# ट्रेलरमा 'फेरि रेशम फिलिली'

■ प्रभाव संवाददाता



**काठमाडौं–** फिल्म 'फेरि रेशम फिलिली'को ट्रेलर सार्वजनिक भएको छ । राजधानीमा एक कार्यक्रमबिच सार्वजनिक फिल्मको ३ मिनेट ७ सेकेण्डको ट्रेलरमा अमेरिकाको भिसा लागेको रेशम र उसको भिसासँग जोडिएका विभिन्न पात्रको सपना, चाहना र स्वार्थ समेटिएको छ ।

ट्रेलर हेर्दा झण्डै १० वर्ष अगाडि रिलिज भएको फिल्म रेशम फिलिली झैं यसले कमेडीको तड्का दिने देखिन्छ । फिल्मले त्यति बेला हरिया पात्रलाई लोकप्रिय बनाएझैं यसपटक मेक्सम गौडेललेको हाजमोला चरित्र दर्शकका लागि फ्रेस अफर हुने अनुमान लगाउन सकिन्छ ।

हरियाको रेशमलाई समस्यामा पारिरहने पुरानो शैलीले यसपटक पनि दर्शकलाई पेट मिचिमिचि हसाउने सम्भावना ट्रेलरले दिएको छ । समग्रमा ट्रेलरले हलसम्म दर्शकलाई सजिलै आकर्षित गर्ने देखाएको छ । फिल्म निरोज महर्जनले निर्देशन गरेका हुन् ।

फिल्ममा विनय श्रेष्ठ, सुपुष्प भट्ट, कामेश्वर चौरासिया, नीर शाह, प्रकाश घिमिरे, शिशिर वाङ्गदेल, रवीन्द्र झा, लक्ष्मी गिरी, महेश त्रिपाठी, एवनराज उप्रेती, मेक्सम गौडेल, प्रकाश घिमिरे, सजन थापा लगायतको अभिनय छ ।

सुसन प्रजापतिको छायांकन, निर्देशक महर्जन र आकाश बरालको पटकथा, नरेश किङ्ग योगीको द्वन्द्व निर्देशन तथा कालीप्रसाद बाँस्कोटा, एसडी योगी, हर्क साउद, जयन जे वाइवा र दीपक शर्माको संगीत र सुरेन्द्र पौडेलको सम्पादन फिल्ममा छ ।

सिनेमा आर्ट्स र वि मोसन पिक्चर्सको सहकार्यमा निर्माण भएको फिल्ममा रौनक विक्रम कँडेल निर्माता, सुरज बम ठकुरी कार्यकारी निर्माता र एनि थापा सह निर्माता हुन् । फिल्मलाई गोविन्द शाहीको काफिया फिल्मस् र कुवेर सिने डिष्ट्रीव्युसनले वितरण गर्दैछन् ।

रंगशाला

# नेपाली पुरुष कबड्डी टोलीले बंगलादेशसँग अभ्यास खेल खेल्ने




■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालको पुरुष कबड्डी टोलीले बंगलादेशमा घरेलु टोलीसँग पाँच खेलको अभ्यास खेल खेल्ने भएको छ ।

आगामी फागुन १० गतेदेखि १६ गतेसम्म बंगलादेशको ढाकमा नेपालले पाँच खेलको अभ्यास खेल खेल्न लागेको हो । नेपालको पुरुष कबड्डी टोलीले सन् २०२६ मा हुने २० औं एशियन गेम्सको तयारीका लागि राष्ट्रिय खेलकुद परिषद् (राखेप) ले शुरु गरेको मिसन-२०२६ अन्तर्गत रहेर प्रशिक्षण गरिरहेको छ । सोही मिसन २०२६ अन्तर्गत पुरुष टोलीले बंगलादेशसँग अभ्यास खेल खेल्न लागेको हो ।

राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्यसचिव टंकलाल घिसिङले मंगलवार आयोजित एक कार्यक्रमका बीच अभ्यास खेलमा जाने नेपाली राष्ट्रिय पुरुष कबड्डी टोलीलाई बिदाइ गरे ।

सो अवसरमा राष्ट्रिय टिम तयारी समितिका निर्देशक दीपक विष्ट, अखिल नेपाल कबड्डी संघकी अध्यक्ष तुलसी थापा र महासचिव अरविन्द झा लगायत थिए । घनश्याम रोकामगरको कप्तानीमा रहेको १४ सदस्यीय पुरुष टोलीले बंगलादेशसँग अभ्यास खेल खेल्नेछन् । अन्य खेलाडीमा सुशील चुनारा, प्रमोदकुमार श्रेष्ठ, अमितकुमार राजभार, मेघराज गिरी, नवीन लुहार, रविन कुँवर, सतीशकुमार कुर्मी, सुरोज बोहोरा, सोहिल इस्लाम, सविन बुहाजू, रामु टमटा, गणेश पार्की र भुवन बोहरा छन् । उनीहरूले लोकबहादुर विष्टले प्रशिक्षण गराउनेछन् ।

यो टोलीको म्यानेजरमा खेमराज चम्लगाईंका साथै संघका सदस्य निराजन श्रेष्ठ र नवराज श्रेष्ठ पनि बिहीवार बंगलादेश जानेछन् । नेपालले पहिलो दुई खेल लगातार फागुन १० र ११ गते खेल्नेछ । त्यसपछि तेस्रो खेल फागुन १३ र चौथो खेल फागुन १५ गते खेल्ने तालिका छ । निर्णायक तथा पाँचौं खेल भने फागुन १६ गते खेल्दै नेपालले बंगलादेशसँगको अभ्यास खेल पूरा गर्नेछ ।

उक्त बिदाइ कार्यक्रममा राखेपका सदस्यसचिव टंकलाल घिसिङले मिसन-२०२६ को तयारीका लागि आफूभन्दा बलिया टोलीहरूसँग धेरैभन्दा धेरै अभ्यास खेल्न राख्न संघलाई अनुरोध गरेका छन् । सदस्यसचिव घिसिङले जसरी पनि २०२६ को एशियन गेम्स पदक ल्याउने यो अभ्यास खेल महत्वपूर्ण पाइला रहेको उनले बताएका छन् । नेपालको पुरुष कबड्डी टोलीले ल्याएको अन्ताराष्ट्रिय सफलताका आधार मिसन २०२६ मा समावेश भएको बताए ।

राष्ट्रिय टिम तयारी समितिका निर्देशक दीपक विष्टले एशियन गेम्समा महिला कबड्डी टोलीले पदक ल्याएपछि पुरुष टोलीलाई पनि आगामी संस्करणमा पदक जित्न चुनौती रहेको धारणा राखे ।

# केपी ओली कप फुटबलमा नौ टिमले प्रतिस्पर्धा गर्ने

■ प्रभाव संवाददाता

**काठमाडौं–** केपी ओली कप फुटबल प्रतियोगितामा ९ टोलीले प्रतिस्पर्धा गर्ने भएका छन् । दुई विदेशीसहित ९ टोलीले तेस्रो संस्करणको प्रतियोगिता खेल्ने आयोजक राष्ट्रिय युवा संघले जनाएको छ । प्रतियोगिता फागुन ११ देखि १९ गतेसम्म काठमाडौं र ललितपुरमा हुँदैछ । प्रतियोगितामा आहारारा पोखरा गोल्डकपको उपाधि जितेको उज्वेकिस्तानको ब्ल्याक बुल्स र भुटानको ट्रान्सपोर्ट युनाइटेड विदेशी टिमको रूपमा छन् । यस्तै नेपालबाट तीन विभागीय टोली त्रिभुवन आर्मी एफसी, नेपाल पुलिस क्लब र एपीएफ एफसीसँगै मच्छिन्द्र एफसी, न्युरोड टिम (एनआरटी) र संकटा एफसीले प्रतिस्पर्धा गर्नेछन् । आयोजकको टिम केपी एफसी पनि सहभागि हुनेछ ।

प्रतियोगिताको टाई सिट केही दिनमा सार्वजनिक गर्ने आयोजकले जनाएको छ ।

ए डिभिजनका अन्य क्लबसँगै अन्य विदेशी टोलीको पनि सहभागिताको चर्चा भएपनि अन्तिममा ९ टिमले मात्र खेल्ने भएको हो । यसअघि प्रतियोगिताको मिति सार्वजनिक गर्ने पत्रकार सम्मेलनमा आयोजकले १० टोली सहभागि हुने बताएको थियो ।

प्रतियोगिताको क्वार्टरफाइनल खेल सातदोबाटोस्थित एन्फा कम्प्लेक्स मैदान र सेमिफाइल र फाइनल खेल त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा हुने आयोजकले जनाएको छ । प्रतियोगिताका विजेताले १५ लाख ११ हजार ११ हजार १११ तथा उपविजेताले पाँच लाख रूपैयाँसहित ट्रफी पाउनेछन् । यस्तै प्रतियोगिताकै उत्कृष्ट खेलाडीले एक लाख, उत्कृष्ट गोलकिपर, सर्वाधिक गोलकर्ता र उदीयमान खेलाडीले ५० हजार रूपैयाँ पाउनेछन् । मछिन्द्रले यसअघि भएको दुवै संस्कणको उपाधि जितेको थियो ।

# युगाण्डा टुरका लागि क्याम्पमा बोलाइए १८ खेलाडी

■ प्रभाव संवाददाता



**काठमाडौं–** आगामी मार्चमा हुने नेपाली महिला टोलीको युगाण्डा भ्रमणका लागि प्रारम्भिक चरणको प्रशिक्षणका लागि नयाँ खेलाडीहरूसहित क्याम्पको घोषणा भएको छ ।

युगाण्डा क्रिकेट एसोसियसनको आयोजनामा मार्च ६ देखि १७ सम्म युगाण्डामा संचालन हुने मैत्रीपूर्ण क्रिकेट प्रतियोगिताका लागि पहिलो चरणमा १८ खेलाडी प्रशिक्षणमा बोलाइएका हुन् । टोलीमा यू-१९ विश्वकप खेलेका तीन नयाँ खेलाडीहरू छन् जसमा सना प्रवीन, रिया शर्मा र सीमाना केसी छन् । त्यस्तै शोभा रोकाया समावेश हुँदा शबनम राई फर्किएकी छन् भने सिता रानामगर टोलीमा छैनन् ।

१८ जना खेलाडीहरूमा कप्तान इन्दु बर्मा, रचना कुमारी चौधरी, राजमती ऐरी, अलिसा कुमारी यादव, सबनम राई, सना प्रवीन, रुबिना क्षेत्री, ममता कुमारी चौधरी, कविता जोशी, रोमा थापा, ईश्वरी विष्ट, रिया शर्मा, सम्झना कुमारी खड्का, पुजा महतो, विन्दु रावल, मनिषा कुमारी उपाध्याय, शोभा रोकाय, सीमाना केसी छन् । रचना, राजमती, अलिसा र मनिषाले केही साताअघि काठमाडौंमै भएको महिला टी-२०आई शृंखलामार्फत राष्ट्रिय टोलीका लागि डेब्यू गरिसकेका छन् ।



जम्मू कश्मीरको अनन्तनाग जिल्लाको दिरहामा गाउँको एउटा बगैंचामा हिउँले भरिएका स्याउका रूखहरूको बीचमा उभिरहेका कश्मीरी बालक । *तस्बिरः एएफपी*

# युक्रेनमा शान्ति 'बलियो र विश्वसनीय सुरक्षा ग्यारेन्टीहरू'सँगै आउनुपर्छ : म्याक्रोन

**पेरिस–** फ्रान्सका राष्ट्रपति इम्मानुएल म्याक्रोनले मंगलबार युक्रेनी समकक्षी भोलोदिमर जेलेन्स्कीसँग फोनमा कुराकानी गरेपछि युक्रेनमा शान्ति 'बलियो र विश्वसनीय सुरक्षा ग्यारेन्टीहरूसँगै हुनुपर्छ' भनेका छन् ।

'हामी युक्रेनमा बलियो र स्थायी शान्ति चाहन्छौं । यो हासिल गर्न रुसले आफ्नो आक्रमण अन्त्य गर्नुपर्दछ र यो युक्रेनीहरूका लागि बलियो र विश्वसनीय सुरक्षा ग्यारेन्टीहरूसँगै हुनुपर्दछ,' म्याक्रोनले सामाजिक सञ्जाल प्लेटफर्म एक्समा भने, 'अन्यथा यो युद्धविराम मिन्स्क सम्झौताजस्तै समाप्त हुने जोखिम छ ।' उनले सन् २०१४ र २०१५ मा पूर्वी युक्रेनमा द्वन्द्व अन्त्य गर्न खोज्ने सम्झौताहरूको सन्दर्भमा उक्त भनाइ राखेका हुन् ।



अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युक्रेनमा सुरु गरेको नाटकीय अमेरिकी नीति परिवर्तनको प्रतिक्रियामा छलफल गर्न म्याक्रोनले युरोपेली नेताहरूसँग पेरिसमा आपत्कालीन बैठक आयोजना गरेपछि जेलेन्स्कीसँग फोनवार्ता भएको हो । युरोपेली नेताहरूलाई के डर छ भने ट्रम्प रूससँग शान्ति सम्झौता गर्न चाहन्छन्, जुन वार्तामा युरोपेली संघ (इयू) को त कुरै छाडौं किएभ पनि समावेश हुने छैन ।

जेलेन्स्कीले आफ्नो सामाजिक सञ्जाल पोस्टमा म्याक्रोनले उनलाई युरोपेली नेताहरूसँगको वार्ताबारे जानकारी गराएको उल्लेख गर्दै शान्ति कसरी प्राप्त गर्ने भन्नेबारे उनीहरूको 'साझा दृष्टिकोण' रहेको बताए ।

'हामी एउटै दृष्टिकोण साझा गर्छौं : सुरक्षा ग्यारेन्टीहरू मजबुत र विश्वसनीय हुनुपर्छ,' उनले एक्समा भने, 'यस्तो ग्यारेन्टीविनाको कुनै पनि अन्य निर्णय (जस्तैः नाजुक युद्धविराम) रुसले गरेको अर्को छल र युक्रेन वा अन्य युरोपेली राष्ट्रहरू विरुद्धको नयाँ रूसी युद्धको प्रस्तावनाको रूपमा मात्र काम गर्ने छ ।' *रासस/एएफपी*

# लेबनानबाट इजरायली सेना फिर्तीको समयसीमा सकियो

**बेरुत–** इजरायलले पाँचवटा रणनीतिक स्थानमा रहने योजना बनाएको केही घन्टापछि हिजबुल्लाहसँगको युद्धविराम सम्झौताअन्तर्गत दक्षिण लेबनानबाट सबै इजरायली सैनिकहरू बाहिर निस्कनुपर्ने समयसीमा मंगलबार समाप्त भएको छ ।

लेबनानी सुरक्षा अधिकारीका अनुसार इजरायली सैनिकहरूले सोमबारदेखि केही सीमावर्ती गाउँबाट फिर्ता हुन थालेका थिए, तर उनीहरू प्रमुख क्षेत्रहरूमा रहने दृष्टिकोण देखिन्थ्यो । 'लेबनानी सेना अघि बढ्दै गर्दा इजरायली बलहरूले मैस अल-जबाल र ब्लिदा सहित सीमावर्ती गाउँहरूबाट फिर्ता हुन थालेका छन्,' संवेदनशील मामिलाहरूबारे छलफल गर्न नाम नछाप्न अनुरोध गर्दै ती अधिकारीले भने ।

हिजबुल्लाहको गढ मानिने दक्षिण र पूर्वी लेबनान तथा दक्षिण बेरुतमा दुई महिनाको पूर्णयुद्ध र गाजा द्वन्द्वका कारण हिजबुल्लाहले सुरु गरेको एक वर्षको सीमा पार गतिविधिहरूका कारण भारी विनास भएको थियो । अधिकारीहरूका अनुसार पुनर्निर्माण लागत चार खर्ब १० अर्ब डलरभन्दा बढी पुग्नसक्ने अनुमान छ भने संयुक्त राष्ट्रसंघको आँकडाअनुसार एक लाखभन्दा बढी मानिस अझै आन्तरिकरूपमा विस्थापित छन् । विनासका बावजुद हजारौंले नोभेम्बर २७ को युद्धविरामदेखि घर फर्कन, उनीहरूको सम्पत्तिको निरीक्षण गर्न र केही अवस्थामा भग्नावशेषमुनि मृतकहरूको खोजी गर्न उत्सुकतापूर्वक पर्खिरहेका छन् ।

'मेरो घरको अगाडि, मेरो गुलाबको नजिकै बसेर बिहानको कफी पिउन मैले धेरै याद गरेकी छु,' डेढ वर्षभन्दा बढी विस्थापनपछि आफ्नो सीमावर्ती गाउँ फर्कने योजना बनाइरहेकी ६० वर्षकी फातिमा सुकेरले भनिन्, 'मैले मैस अल-जबलका सबै कुरा याद गर्छु, म मेरा छिमेकीहरूलाई याद गर्छु । हामी अलग भएका थियौं र उनीहरू कहाँ गए मलाई थाहा छैन ।'



मैस अल-जबलको नगरपालिकासहित धेरै सीमावर्ती सहर र गाउँहरूले विस्थापित बासिन्दाहरूलाई उनीहरूको 'सुरक्षित' फिर्ती सुनिश्चित गर्न त्यहाँ फर्कनुअघि लेबनानी सेना तैनाथ गर्न पर्खन आह्वान गरेका छन् । लेबनानी टेलिभिजन च्यानल एलबिसिआईले मंगलबार देशको सेना मैस अल-जबल, ब्लिडा, यारौन, मारौन र महबिबमा रातारात सरेको रिपोर्ट गरेको छ ।

### हराएका युवाहरू

वासिङ्टन र पेरिसको मध्यस्थतामा भएको युद्धविरामअन्तर्गत इजरायली सेना ६० दिनको अवधिमा फिर्ता हुँदै गर्दा लेबनानको सेना संयुक्त राष्ट्र शान्ति सैनिकहरूसँग तैनाथ हुनुपर्ने थियो । यो अवधि फेब्रुअरी १८ सम्म विस्तार गरिएको थियो । हिजबुल्लाहले सीमाबाट करिब ३० किलोमिटर टाढा रहेको लिटानी नदीको उत्तरतिर फर्किने र त्यहाँ बाँकी रहेको सैन्य पूर्वाधारहरू विघटन गर्ने थियो ।

समयसीमाभन्दा केही घन्टाअघि इजरायली सेनाले सोमबार 'हाम्रा बासिन्दाहरूको रक्षा गर्न र त्यहाँ कुनै तत्काल खतरा छैन भनेर सुनिश्चित गर्न'का लागि साझा सिमानाको लम्बाइमा अस्थायीरूपमा 'पाँच रणनीतिक बिन्दुमा' रहने बताएको छ ।

प्रधानमन्त्री बेञ्जामिन नेतन्याहुले आइतबार इजरायलले युद्धविराम 'लागू' गर्न आफूले गर्नुपर्ने सबै कुरा गर्ने बताएका थिए । 'हिजबुल्लाहलाई निःशस्त्र बनाउनुपर्छ,' उनले भने । लेबनानी अधिकारीहरूले फिर्ता अवधिको कुनै पनि विस्तारलाई अस्वीकार गरेका छन् र सम्झौताका प्रायोजकहरूलाई इजरायललाई हट्न दबाब दिन आग्रह गरेका छन् ।

इजरायली सैनिकहरू अझै पनि दक्षिण-पूर्वी लेबनानका केही गाउँ र सहरहरूमा उपस्थित छन् । 'हाम्रा घरहरू ध्वस्त भएका छन् र हामीले युवाहरू गुमाएका छौं भन्ने तथ्यका बाबजुद हामी हाम्रो सहरमा जान्छौं र फेरि खुसी हुने छौं,' सुकेरले भने ।

सोमबार मानवअधिकार वाचका रामजी कैसले रामजी कैसले 'इजरायलले नागरिक घरहरू र पूर्वाधारहरू जानाजानी ध्वस्त पारेको' भन्दै 'धेरै बासिन्दा फर्कन असम्भव बनाइरहेको' बताए । स्वास्थ्य मन्त्रालयका अनुसार सन् २०२३ अक्टोबरमा सीमापार शत्रुताहरू सुरु भएदेखि लेबनानमा चार हजारभन्दा बढी मानिस मारिएका छन् ।

आधिकारिक आँकडामा आधारित एएफपीको तथ्यांकअनुसार सीमाको इजरायली पक्षमा सैनिकहरू सहित ७८ जना मारिएका छन् र स्थलगत आक्रमणका क्रममा दक्षिणी लेबनानमा थप ५६ सैनिक मारिएका छन् । युद्धविराम सुरु भएयता लगभग ६० जना मारिएको बताइएको छ । तीमध्ये दुई दर्जन प्रारम्भिक फिर्ती समयसीमामा बासिन्दाहरूले सीमावर्ती सहरहरूमा फर्कने प्रयास गर्दा जनवरी २६ मा मारिएका थिए ।

सोमबार साँझ लेबनानको सरकारले हिजबुल्लाहको शस्त्रागारमा हलुका बनाउँदा सन्देशमा राज्यलाई हतियारको एकमात्र वाहक बनाउनुपर्ने बताएको छ । समूहलाई कमजोर बनाएको युद्धको अन्त्यपछि इरान समर्थित समूहको निःशस्त्रीकरणका लागि आह्वान धेरै गुणा बढेको छ । *रासस/एएफपी*

# च्याम्पियन्स ट्रफीः २९ वर्षमा पहिलोपटक ठूलो प्रतियोगिता आयोजना गर्दै पाकिस्तान

**कराची–** सुरक्षा चिन्ताका कारण निषेधित देश भएको केही वर्षपछि एउटा ऐतिहासिक कदमका रूपमा स्वागत गरिएको पाकिस्तानले बुधबारदेखि करिब तीन दशकमा पहिलो प्रमुख क्रिकेट प्रतियोगिता आयोजना गर्दै छ । अधिकारीहरूले यसलाई सहज र सुरक्षितरूपमा निकाल्न सकेको खण्डमा आगामी साढे दुई हप्तामा तीनवटा सहरमा च्याम्पियन्स ट्रफी आयोजना गर्दा दक्षिण एसियाली यस राष्ट्रको प्रतिष्ठामा ठूलो बढोत्तरी हुने छ ।




'पाकिस्तान एक सुरक्षित देश हो र यो प्रशासनको दृष्टिकोणबाट यस्तो विश्वव्यापी प्रतियोगिता गर्न सक्षम छ भनेर विश्वलाई विश्वास दिलाउन गम्भीर मिहेनत र विश्वास दिलाउन आवश्यक थियो,' पाकिस्तान क्रिकेट बोर्ड (पिसिबी) का पूर्वअध्यक्ष रमिज राजाले भने, 'विश्वले अन्ततः हाम्रो दृष्टिकोण बुझ्यो ।' राजाको कार्यकालमा सन् २०२१ मा यो प्रतियोगिता प्रदान गरिएको थियो । लामो समयदेखि चलिरहेको राजनीतिक तनावका कारण छिमेकी र कट्टर प्रतिद्वन्द्वी भारतले पाकिस्तानमा खेल्न अस्वीकार गरेपछि यो तयारी कुनै समस्याविना भएको छैन ।

मैदानभित्र र बाहिर खेलको शक्तिशाली राष्ट्र भारतले त्यसको सट्टा आफ्ना खेलहरू दुबईमा खेल्ने छ तर अन्य सात देश पाकिस्तानमा आधारित हुने छन् । प्रमुख सहरहरूमा आक्रमणहरू विरलै हुने गरेको भए पनि विशेष गरी आयोजक सहरहरू कराची, लाहोर र रावलपिन्डीमा देशले सुरक्षा बढाएको छ । पाकिस्तानले सन् २००८ मा विश्वकपपछि प्रमुख एकदिवसीय प्रतियोगिता च्याम्पियन्स ट्रफी आयोजना गर्ने भएको थियो । सेप्टेम्बर ११ को आक्रमणपछि छिमेकी अफगानिस्तानको युद्धबाट फैलिएको सुरक्षा संकटका कारण त्यसको सट्टा एक वर्षपछि दक्षिण अफ्रिकामा आयोजना गरिएको थियो ।

इस्लामवादी बन्दुकधारीहरूले लाहोरमा श्रीलंकाको टोली बोकेको बसमा आक्रमण गरेपछि धेरै खेलाडी घाइते भएका थिए र आठ जना प्रहरी र सर्वसाधारणको मृत्यु भएपछि सन् २००९ मा पाकिस्तान अन्तर्राष्ट्रिय पक्षहरूका लागि निषेधित क्षेत्र बन्यो । तर सन् २०१४ मा सुरु भएको र केही वर्षसम्म चलेको व्यापक सैन्य कारबाहीपछि सुरक्षामा व्यापक रूपमा सुधार भएको छ ।

सन् २०१९ मा टेस्ट क्रिकेट पाकिस्तानमा फर्कियो । त्यसपछि अस्ट्रेलिया, इंग्ल्यान्ड, न्युजिल्यान्ड र दक्षिण अफ्रिकाले देशको भ्रमण गरे र यसले पाकिस्तानको प्रतियोगिता आयोजना गर्ने प्रयासलाई सहयोग पुऱ्यायो । ती सबै टोली च्याम्पियन्स ट्रफीका लागि पाकिस्तानमा हुने छन् ।

### आतंकवादले सबै कुरा लियो

७७ वर्षीय व्यवसायी हाजी अब्दुल रज्जाकका लागि विश्वव्यापी प्रतियोगिता पाकिस्तानमा फर्कनु अर्को जन्मदिन जस्तै हो । पाकिस्तानले अन्तिमपटक सन् १९९६ मा भारत र श्रीलंकासँग सहआयोजकका रूपमा प्रमुख अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगिता आयोजना गरेको थियो । श्रीलंकाले अस्ट्रेलियालाई हराएर उपाधि जितेको बेला रज्जाकले सन् १९९६ मार्च १७ मा लाहोरको गद्दाफी स्टेडियममा श्रीलंकाको झण्डा फहराएको थियो ।

२९ वर्षपछि क्रिकेटप्रेमी रज्जाकले बुधबार कराचीमा च्याम्पियन्स ट्रफीको उद्घाटन खेलमा विजेता पाकिस्तान र न्युजिल्यान्डबीच हुने खेल हेर्ने छन् । 'यो मेरो दिमागमा ताजा छ, मेरो देश त्यसबेला फस्टाउँदै थियो र क्रिकेट सबैको मनमा थियो,' आँखा रसाएका रज्जाकले भने, 'आतंकवादले हामीबाट सबै कुरा लियो । म एक विश्वव्यापी प्रतियोगिता हाम्रो देशमा फर्किएको देख्दा अति खुसी छु र यो मेरो जन्मदिन हुने जस्तो महसुस गरिरहेको छ ।'

आतंकवाद अझै पनि पाकिस्तानमा खतरा भए पनि हिंसा स्टेडियमहरूबाट धेरै टाढा उत्तरदेखि दक्षिणसम्म दुर्गम सीमावर्ती क्षेत्रहरूमा लगभग पूर्णरूपमा सीमित छ । राजधानी इस्लामाबादलाई लकडाउनमा राखी पाकिस्तानले हालै सांघाई सहयोग संगठनको शिखर सम्मेलन र बालिकाहरूको शिक्षामा विश्वव्यापी बैठक आयोजना गरेको छ । यसले अन्तर्राष्ट्रिय मञ्चमा पाकिस्तानले आफ्नो प्रोफाइल बढाएको छ ।

आफ्नो तयारीको परीक्षणका रूपमा पाकिस्तानले गत हप्ता न्युजिल्यान्ड र दक्षिण अफ्रिकासँग त्रिदेशीय शृंखला आयोजना गऱ्यो र लाहोर र कराचीमा भर्खरै नवीकरण गरिएको स्टेडियमहरूमा दर्शकहरू भेला भए । सन् १९८७ मा पाकिस्तान र भारतले आयोजना गरेको विश्वकपमा खेलेका पाकिस्तानका पूर्वकप्तान राजाले च्याम्पियन्स ट्रफीको आयोजना खेलभन्दा बाहिर धेरै महत्त्वपूर्ण रहेको बताए ।

'यो च्याम्पियन्स ट्रफी विश्व क्रिकेट समुदायमा आफ्नो स्थानलाई सामान्य बनाउने तर्फको महत्त्वपूर्ण कदम हो,' उनले भने, 'यो राष्ट्रिय गौरव र लचिलोपन र दृढताको बारेमा बलियो सन्देश पठाउने कुरा पनि हो, यो युवा संलग्नता, सांस्कृतिक प्रवर्द्धन र विश्वव्यापी छवि निर्माण गर्नेबारे हो, अब प्रस्तुत गर्ने जिम्मेवारी हामीमाथि छ ।' *रासस/एएफपी*

# ग्रिनहाउस ग्यास उत्सर्जन घटाउने जापानको लक्ष्य

**टोकियो–** जापानले मंगलबार सन् २०१३ को स्तरबाट अर्को दशकमा ग्रिनहाउस ग्यास उत्सर्जन ६० प्रतिशतले घटाउने प्रतिबद्धता जनाएको छ तर जलवायु अभियानकर्मीहरूले संशोधित लक्ष्य विश्वव्यापी तापमान वृद्धिलाई सीमित गर्न पेरिस सम्झौताअन्तर्गत आवश्यकभन्दा कम भएको बताएका छन् ।

पेरिस सम्झौताअन्तर्गत प्रत्येक देशले सन् २०३५ सम्ममा 'हिट ट्र्यापिङ' उत्सर्जन कटौती गर्नका लागि संयुक्त राष्ट्रसंघलाई भिन्न प्रमुख आँकडा प्रदान गर्नुपर्ने हुन्छ र यो कसरी प्राप्त गर्ने भन्ने विस्तृत खाका दिनुपर्छ । तर कार्यकर्ताहरूका अनुसार पेरिस सम्झौताअन्तर्गत सहमत सुरक्षित स्तरहरूमा विश्वव्यापी तापमान वृद्धिलाई सीमित गर्न थप महत्त्वाकांक्षी कार्य आवश्यक छ ।

जापानको वातावरण मन्त्रालयले सन् २०३५ सम्ममा उत्सर्जन ६० प्रतिशतले कटौती गर्ने लक्ष्य राखेको छ । विश्वको चौथो ठूलो अर्थतन्त्रले आफ्नो नयाँ राष्ट्रिय रूपमा निर्धारित योगदान (एनडिसी) को अंशका रूपमा सन् २०४० सम्म उत्सर्जन ७३ प्रतिशतले घटाउने लक्ष्य राखेको छ । यो स्वेच्छिक प्रतिज्ञा मंगलबारपछि संयुक्त राष्ट्रसंघमा पेस गरिने छ ।

चीन, संयुक्त राज्य अमेरिका, भारत र रुसपछि विश्वको पाँचौं ठूलो एकल-देश कार्बन डाइअक्साइड उत्सर्जकका रूपमा जापान आयातीत जीवाश्म इन्धनहरूमा धेरै निर्भर छ । झण्डै २०० मुलुकले फेब्रुअरी १० सम्ममा आफ्नो नयाँ जलवायु योजनाहरू पेस गर्नुपर्ने थियो तर राष्ट्रसंघको डेटाबेसअनुसार समयमै १० वटामात्र पेस भएका छन् ।

जापानी मन्त्रालयले मंगलबार आफ्ना 'महत्त्वाकांक्षी लक्ष्यहरू विश्वव्यापी १.५ डिग्री सेल्सियस लक्ष्यअनुरूप छन् र सन् २०५० सम्म शुद्ध शून्य प्राप्तिको सीधा मार्गमा छन्' भनेको छ । तर अन्तर्राष्ट्रिय वातावरणीय समूह ३५० डट ओआरजीका मासायोशी इयोदाले वैज्ञानिकहरूका अनुसार जापानले १.५ डिग्री उद्देश्यमा आफ्नो प्रतिबद्धतालाई सम्मान गर्न सन् २०३५ सम्म ८१ प्रतिशत उत्सर्जन कटौती गर्न आवश्यक रहेको बताए ।

'यो नवीकरणीय ऊर्जाको निष्पक्ष र न्यायपूर्ण भविष्यमा संक्रमण गर्ने जापानको प्रयासमा ठूलो असफलता हो,' उनले भने । ग्रिनपिस जापानका काजु सुजुकीले पनि सन् २०३० को नयाँ लक्ष्यलाई 'निकै कम' भन्दै 'औद्योगिकरूपमा उन्नत देशका रूपमा हाम्रो जिम्मेवारीको दृष्टिकोणबाट' ७८ प्रतिशत कटौतीको आह्वान गरे । *रासस/एएफपी*


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

**पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reach-mond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।**

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १६९४०० | प्रति तोला - ० | प्रति तोला - १९७० |



**गोलभेँडाका लागि मल्चिङ** | दाङको घोराही उपमहानगरपालिका-१६ स्थित तेरौटेमा महेश पौडेलले गरेको व्यावसायिक गोलभेँडा खेतीका लागि मल्चिङ बनाउँदै महिला कामदार । *तस्बिरः कुलदीप न्यौपाने/रासस*

# 'लगानीमैत्री वातावरण बनाउन सरकार प्रतिबद्ध'

■ प्रभाव संवाददाता




**मकवानपुर–** गृहमन्त्री रमेश लेखकले निजी क्षेत्रलाई पनि समाहित गर्दै सरकार लगानीमैत्री वातावरण बनाउन लागि परेको उल्लेख गरे । बागमती प्रदेश राजधानी हेटौँडामा मंगलबारदेखि सुरु भएको दोस्रो राष्ट्रिय निर्माण तथा व्यापार महोत्सव २०८१ उद्घाटन गर्दै सरकारले मुलुकभित्र लगानी मैत्री वातावरण बनाउनका लागि लागि परेको जनाएका हुन् । उक्त अवसरमा मन्त्री लेखकले सोही उद्देश्यका साथै मुलुकलाई समृद्धि र सुशासनको यात्रामा अगाडि बढाउन वर्तमान सत्तासमीकरण बनेको बताए ।

गृहमन्त्री लेखकले निजी क्षेत्रलाई व्यावसायिक वातावरणको सुनिश्चित गर्नको लागि नै अध्यादेश ल्याइएको भन्दै उनले वर्तमान सरकार गठन भएपश्चात् निर्माण व्यवसायीको भुक्तानी दिने प्रक्रिया सुरु भइरहेको बताए । 'सरकारले व्यवसायीहरूले गरेको कामको भुक्तानी दिन सरकारले सुरु गरिसकेको छ। व्यवसायी साथीहरू ढुक्क हुनुहोस् बाँकी रहेको बक्यौता पनि तत्काल दिन्छौँ', गृहमन्त्री लेखकले भने । उनले निर्माण व्यवसायीहरूको सुरक्षामा सरकार प्रतिबद्ध रहेको भन्दै व्यवसायीले जिम्मा लिएको काम गुणस्तरीय र समयमै सम्पन्न गर्नुपर्नेमा जोड दिए ।

निर्माण व्यवसायी संघ मकवानपुरको आयोजनामा हेटौँडा-१०, टिसिएन चौरमा सुरु भएको मेला यही फागुन १८ गतेसम्म सञ्चालन हुनेछ । मेलामा करिब तीन सय स्टल रहेका छन् । मेलामा नवीनतम निर्माण उपकरण तथा सामग्री,स्थानीय तथा राष्ट्रिय कम्पनीका साथै बहुर्राष्ट्रिय कम्पनीका औद्योगिक उत्पादन, सूचना प्रविधि तथा कृषि उत्पादन, घरेलु तथा हस्तकला सामग्री, महिला उद्यमीद्वारा उत्पादित सामग्री बिक्री-वितरणका लागि राखिएका छन् । महोत्सवमा स्थानीय तथा राष्ट्रिय कलाकारद्वारा मनोरञ्जनात्मक सांस्कृतिक कार्यक्रम, घरजग्गा, अटो, खाना तथा वस्तु र सेवाको प्रदर्शनी एवं बिक्रीलगायत कार्यक्रम रहेका छन् ।

# सर्वसाधारणका लागि २० प्रतिशत सेयर जारी गर्दै विद्युत् प्राधिकरण

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल विद्युत प्रधिकरणले सर्वसाधारणका लागि २० प्रतिशत सेयर जारी गर्ने तयारी गरेको छ । विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले सात खर्बको सम्पत्ति राखेर बसेको भन्दै सर्वसाधरणका लागि प्राथमिक सेयर खोल्ने चरणमा रहेको बताएका छन् ।

नेपाल आर्थिक पत्रकार संघले आयोजना गरेको कार्यक्रममा घिसिङले यसबारे जानकारी गराएका हुन् । सर्वसाधरणको लगानीबाटै जलविद्युत क्षेत्रको विकास सम्भव भएको उनको भनाइ छ । लगानी गर्दा जोखिम देखिए पनि नियमन गरी सेयर खोल्नुपर्ने घिसिङले बताए ।

विद्युत प्राधिकरणले १२ हजार मेगावाटको विद्युत खरिद विक्री सम्झौता (पिपिए) गरेको उनले जानकारी दिए । हाल ३५ सय मेगावाटका आयोजना सञ्चालन भएपनि हिउँदमा ११ सय मेगावाट मात्रै उत्पादन भएको छ । २८ हजार ५०० मेगावाट विद्युत पुऱ्याउन विद्युत प्राधिकरणले अझै पिपिए खोल्ने पक्षमा रहेको उनले बताए ।

'हाल पिपिए भएका सबै परियोजना निर्माणको चरणमा गएका छैनन्,' कार्यकारी निर्देशक घिसिङले भने, 'पिपिए गरी निर्माण नगर्ने तर नयाँ पिपिए गर्नुपर्ने माग राख्नु कति उचित हो ?' प्राधिकरणसंग पिपिए सम्झौता गरी आयोजना ओगटेर मात्रै राख्ने प्रवृति अन्त्य हुनुपर्ने उनले बताए ।

# दोहोरो अंकले बढ्यो नेप्से

**काठमाडौं (प्रस)–** नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा लगातार दोहोरो अङ्को वृद्धि देखिएको छ । आइतबार १९ दशमलव ५६ र सोमबार २९ दशमलव ८७ अङ्कले बढेको नेप्से परिसूचक मंगलबार ११ दशमलव ९१ अङ्कले बढेको हो ।

शून्य दशमलव ४३ प्रतिशतको वृद्धिपछि नेप्से परिसूचक दुई हजार ७३९ दशमलव ८२ को विन्दुमा कायम भएको छ। ३१४ कम्पनीको एक करोड ८२ लाख ३० हजार ३०२ कित्ता शेयर ९९ हजार ५८५ पटक खरिदबिक्री हुँदा रु १० अर्ब ४३ करोड ७० लाख छ हजार २१४ बराबरको कारोबार भएको छ । कारोबारमा बैङ्किङ शून्य दशमलव २२, लगानी एक दशमलव २४, जीवन बीमा एक दशमलव ७४, निर्जीवन बीमा शून्य दशमलव ३०, व्यापार शून्य दशमलव ४१ र अन्य समूह तीन दशमलव ६७ प्रतिशतले बढेको छ । अरू सबै समूहको उपसूचक घटेको छ ।

विकास बैङ्क एक दशमलव ७४, वित्त एक दशमलव ५०, होटेल तथा पर्यटन एक दशमलव ०४, जलविद्युत् शून्य दशमलव १३, उत्पादन तथा प्रशोधन शून्य दशमलव ०६, लघुवित्त शून्य दशमलव ७९ र म्युचुअल फन्ड शून्य दशमलव ०५ प्रतिशतले घटेको छ । वीन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड, गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेड, इमर्जिङ नेपाल लिमिटेड र गार्डियन माइक्रोलाइफ इन्स्योरेन्स लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ ।

त्यस्तै, सप्तकोशी डेभलपमेन्ट लिमिटेड र कुमारी डिभेन्चर-२०८६ को शेयर मूल्यमा भने नकारात्मक सर्किट लागेको छ । कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा हिमालयन रिइन्स्योरेन्स लिमिटेड अगाडि देखिएको छ । यो कम्पनीको आज रु ८२ करोड दुई लाख ३६ हजार ९१० बराबरको आठ लाख ९३ हजार ८५ कित्ता शेयर किनबेच भएको छ ।

## कर्पोरेट

### सानिमा बैंक र ब्रिटिस इन्भेस्टमेन्टबीच सम्झौता




**काठमाडौं (प्रस)–** सानिमा बैंक लिमिटेड र ब्रिटिश इन्टरनेशनल इन्भेस्टमेन्ट पिएलसी बीच १५ मिलियन अमेरिकी डलरको व्यापार ऋण सम्झौतामा हस्ताक्षर भएको छ । उक्त सम्झौता अनुसार प्राप्त ऋण विशेष गरी जलविद्युत् आयोजनाहरूको निर्माणमा प्रयोग हुने हाइड्रो मेकानिकल र इलेक्ट्रो मेकानिकल उपकरणहरूको आयात तथा निर्माण प्रक्रियाका लागि कच्चा पदार्थहरूको खरिदमा प्रयोग गरिनेछ । यस साझेदारीले सानिमा बैंकको ट्रेड फाइनान्स सर्भिसलाई महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

सानिमा बैंकको तर्फबाट, प्रमुख कार्यकारी अधिकृत निश्चल राज पाण्डे र ब्रिटिश इन्टरनेशनल इन्भेस्टमेन्टका लगानी निर्देशक एडमिर इमामीले यस सम्झौतामा हस्ताक्षर गरेका छन् । यस साझेदारीले नेपालको उर्जा आवश्यकतालाई सम्बोधन गर्दै दिगो उर्जा स्रोतहरू परिचालन गर्न महत्वपूर्ण योगदान पुऱ्याउने जनाएका छन् । सानिमा बैंकको देशको सातै प्रदेशमा १३४ वटा कार्यालयहरू तथा १२६ वटा ए.टि.एमहरू संचालनमा रहेका छन् ।

### 'जेसिबी एनएक्सटी' सिरिजका एक्साभेटर नेपालमा लञ्च गर्दै एमएडब्ल्यू

**काठमाडौं (प्रस)–** एमएडब्लू अर्थमुभर्स प्रा.लि.ले जेसीबी इन्डियासँगको सहकार्यमा जेसीबी एनएक्सटी सिरिजका नवीनतम एक्साभेटरहरू जेसीबी एनएक्सटी २२१ सी फ्युल मास्टर र जेसीबी एनएक्सटी २२५ एलसीएम ट्र्याक्ड एक्साभेटरहरू सफलतापूर्वक लन्च गर्ने भएको छ । ललितपुरको झम्सिखेल स्थित द प्लाजामा आयोजना हुने भव्य लन्च कार्यक्रममा सरकारी प्रतिनिधि, निर्माण उद्योगका अग्रणी, ग्राहक र डिलरहरू सहित करिब ७०० जना सरोकारवालाहरूको सहभागिता रहने छ ।

कार्यक्रममा मेसिनहरूको विशेष प्रस्तुतीकरण रहने छ भने उक्त प्रदर्शनी पश्चात् जेसीबी एक्साभेटर खरिद गर्ने ११ जना ग्राहकहरूलाई साँचो हस्तान्तरण गरिने छ ।

कार्यक्रममा जेसीबी इन्डियाका सीईओ तथा एमडी दीपक शेट्टी र एमएडब्लू अर्थमुभर्स प्रा.लि.का अध्यक्ष विष्णु अग्रवालको विशेष सहभागिता रहने छ । 'लिडर इन एक्साभेटर' भन्ने थिममा आधारित रहने शुभारम्भ कार्यक्रमले नेपालको विकासशील पूर्वाधार बजारको लागि अति उपयुक्त र टिकाउ उत्खनन मेसिनरी उत्पादन गर्ने जेसीबीको प्रतिबद्धतामा प्रकाश पार्नेछ ।

एनएक्सटी २२१ एलसी फ्युल मास्टरले उच्चतम ऊर्जा दक्षता प्रदान गर्दै जटिल उत्खनन कार्यहरूमा प्रभावकारी कार्य गर्नेछ भने एनएक्सटी २२१ सी २२५ एलसीएम ट्र्याक्ड एक्साभेटरले उत्पदकत्त्व वृद्धिका लागि असाधारण हाइड्रोलिक सुविधाहरू प्रदान गर्नेछ । यस उत्पादन लाइनले नेपालको सडक



पूर्वाधार विकास, जलविद्युत र शहरी विस्तार परियोजनाहरूमा बढेको सार्वजनिक लगानीसँगै राष्ट्रिय पूर्वाधार परियोजनाहरूलाई अगाडि बढाउन व्यापक सहयोग गर्नेछ । एनएक्सटी २२१ शृंखलाको यो सुरुवात नेपालको निर्माण उद्योगलाई अत्याधुनिक मेसिनरी आपूर्ति गर्ने एनएक्सटीको समर्पणमा प्राप्त उपलब्धिको ताजा उदाहरणको रूपमा दरिने पक्का छ ।

# मह आयात रोक्न माग

■ प्रभाव संवाददाता



**घोराही (दाङ)–** महले बजार पाउन नसकेपछि मौरी पालेर जीविका चलाउँदै आएका किसान समस्यामा पर्न थालेका छन् । नेपाल मौरीपालक सङ्घ दाङका अध्यक्ष दिनेश ओलीले बजारीकरणको मुख्य समस्याले गर्दा यसमा लागेका किसान घट्दै जान थालेको बताए ।

घोराही उपमहानगरपालिका-१८ गिठेपानीमा चुन्वाङ एपिकल्चर मौरीफार्ममार्फत व्यावसायिक मौरीपालन गर्दै आएका ओलीले चरन अभाव र विदेशी महको आयातका कारण स्वदेशमा मौरीपालन गर्ने किसान समस्यामा पर्दै गएको उनले बताए । उनले भने, 'बजारमा विदेशी मह बिक्री भइरहेको छ । नेपाली मह घरमा थन्क्याउनुपर्ने बाध्यता छ ।' विभिन्न स्थानमा मौरी चराउन जाँदा विषादिका कारण, जलवायु परिवर्तन, तोरीको उत्पादनमा कमी आउँछ भन्ने गलत धारणालगायत कारणले पनि किसान समस्यामा पर्ने गरेका छन् ।

उनले भने, 'किसान पलायन हुनुको मुख्य कारण चरन क्षेत्रको अभाव त छँदै थियो तर अहिले बजारीकरणको समस्या झन् बढी भयो । आयातित महले नेपाली बजार भरिएको छ । विभिन्न ब्राण्डका नाममा विदेशी मह बिक्री हुने गरेको छ ।' यसलाई रोक्न सकियो भने बल्ल यहाँका मौरीपालक किसानलाई सहज हुने उनको भनाइ छ ।

मौरीपालक किसान ओली विगत १५ वर्षदेखी मौरीपालन व्यवसायमा छन् । उनले १० घारबाट सुरु गरेको अहिले ८० घारसम्म पुगेको छ । उनको कुनै समय एक सय ५० घारसम्म थियो । पछिल्लो समय विभिन्न समस्याले गर्दा केही घटाएको उनी बताउँछन् । बाहिरबाट आउने मह सस्तो मूल्यमा आउने भएकाले पनि यहाँको महले उचित मूल्य पाउन नसकेको उनी बताउँछन् । यो वर्षको पनि केही मह अझै बिक्री गर्न बाँकी रहेको बताए । सरकारीस्तरबाट पनि मौरीपालक किसानले भोग्दै आएको समस्या समाधानका लागि पहल गरिदिए सहज हुने उनको भनाइ छ ।

तोरीको स्रोतमा अत्यधिक विषादी प्रयोग गर्ने भएकाले मह मर्ने समस्या रहेको बताए । अहिले दाङमा मौरी व्यावसायिक रूपमा पालन गर्नेको संख्या आठ सय बढी छ । उनले एक घारबाट वार्षिक २५ किलोसम्म मह उत्पादन गर्दै आएको भए पनि यसैबाट किसानको जीवनस्तर माथि उठाउने सम्भावना नभएको उनको भनाइ छ । समान्य जीविकोपार्जन भने भइरहेको उनी बताउँछन् । आगामी दिनमा सबै मौरीपालक किसानलाई नेपाल मौरीपालक सङ्घमा गोलबद्ध गरी अहिले भइरहेको समस्या समाधान गर्नेतर्फ लाग्ने किसान ओली बताउँछन् ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ